# त्रिभुवन विश्वविद्यालय

# शिक्षक नियुक्तिको सिफारिस सम्बन्धी विनियम, २०७५

**पारित मिति** : २०७५/३/१५
(त्रि.वि. कार्यकारी परिषद्को बैठकको निर्णय नं. १९११)

**संशोधन**
त्रि.वि. कार्यकारी परिषदको मिति २०७५/८/२७ को बैठकको निर्णय नं २२३९
त्रि.वि. कार्यकारी परिषदको मिति २०७७/१०/४ को बैठकको निर्णय नं ६२०
त्रि.वि. कार्यकारी परिषदको मिति २०७८/४/७ को बैठकको निर्णय नं ९४६
त्रि.वि. कार्यकारी परिषदको मिति २०७८/९/२५ को बैठकको निर्णय नं १२४७
त्रि.वि. कार्यकारी परिषदको मिति २०७८/१२/२५ को बैठकको निर्णय नं १३४४
त्रि.वि. कार्यकारी परिषदको मिति २०७९/९/११ को बैठकको निर्णय नं १६८५

त्रिभुवन विश्वविद्यालय

**त्रि.वि. सभा तथा कार्यकारी परिषदको सचिवालय**

**२०८०**

# त्रिभुवन विश्वविद्यालय
# शिक्षक नियुक्तिको सिफारिस सम्बन्धी विनियम, २०७५

त्रिभुवन विश्वविद्यालय शिक्षक, कर्मचारी सेवा सम्बन्धी नियम, २०५० को नियम ७ र नियम १२६ ले दिएको अधिकार प्रयोग गरी त्रिभुवन विश्वविद्यालय कार्यकारी परिषद्ले देहायका विनियमहरू बनाएको छ ।

## परिच्छेद १
## प्रारम्भिक

**१. सङ्क्षिप्त नाम र प्रारम्भ :** (१) यी विनियमहरूको नाम "त्रिभुवन विश्वविद्यालय शिक्षक नियुक्तिको सिफारिस सम्बन्धी विनियम, २०७५" रहेको छ ।

(२) यो विनियम तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस विनियममा,

(क) "अङ्क" भन्नाले यस विनियममा उल्लेख भए बमोजिम प्रदान गरिने अङ्क सम्झनु पर्छ ।

(ख) "अध्यक्ष" भन्नाले त्रिभुवन विश्वविद्यालय सेवा आयोगका अध्यक्ष सम्झनु पर्छ ।

(ग) "आयोग" भन्नाले त्रिभुवन विश्वविद्यालय ऐन, २०४९ को दफा १५ बमोजिको सेवा आयोग सम्झनु पर्छ ।

(घ) "कार्यालय प्रमुख" भन्नाले त्रिभुवन विश्वविद्यालय सेवा आयोगको कार्यालयको प्रमुखको रुपमा प्रशासनिक जिम्मेवारी पाएको कर्मचारी सम्झनु पर्छ ।

(ङ) "न्युनतम योग्यता" भन्नाले त्रिभुवन विश्वविद्यालय अन्तर्गतका शिक्षण सेवाका विभिन्न पदमा आवेदन गर्न प्राज्ञिक परिषद्बाट तोकिएको न्युनतम योग्यता सम्झनु पर्छ ।

(च) "निकाय" भन्नाले त्रिभुवन विश्वविद्यालय अन्तर्गतका विभिन्न निकायहरूलाई सम्झनु पर्छ ।

(छ) "नियम" भन्नाले त्रिभुवन विश्वविद्यालय शिक्षक कर्मचारी सेवा सम्बन्धी नियम, २०५० लाई सम्झनु पर्छ ।

(ज) "प्रतियोगिता" भन्नाले त्रिभुवन विश्वविद्यालय सेवा आयोगद्वारा लिइने आन्तरिक र खुला प्रतियोगितालाई सम्झनु पर्छ ।

(झ) "प्रमुख" भन्नाले कार्यरत रहेको सङ्गठन वा निकायको प्रमुख भनी तोकिएको अधिकारीलाई सम्झनु पर्छ ।

(ञ) "महाशाखा" भन्नाले केन्द्रीय कार्यालय कर्मचारी प्रशासन महाशाखालाई सम्झनु पर्छ ।

(ट) "लिखित परीक्षा" भन्नाले आयोगद्वारा लिइने प्रतियोगितात्मक लिखित परीक्षा सम्झनु पर्छ ।

(ठ) "विश्वविद्यालय" भन्नाले त्रिभुवन विश्वविद्यालय सम्झनु पर्छ ।

(ड) "शिक्षक" भन्नाले विश्वविद्यालयका शिक्षक सम्झनु पर्छ ।सो शब्दले आयोगको प्रतियोगितामा

त्रिभुवन विश्वविद्यालय

सम्मिलित हुन न्यूनतम योग्यता पुगेका उम्मेदवार शिक्षकलाई समेत जनाउँछ ।

(ढ) "शिक्षण सेवा" भन्नाले त्रिभुवन विश्वविद्यालय शिक्षक, कर्मचारी सेवासम्बन्धी नियम, २०५० को नियम ३क बमोजिमको शिक्षण सेवा सम्झनु पर्छ ।

(ण) "सदस्य" भन्नाले त्रिभुवन विश्वविद्यालयसेवा आयोगका सदस्य सम्झनु पर्छ ।

(त) "सेवा" भन्नाले शिक्षक, कर्मचारी सेवासम्बन्धी नियम, २०५० को नियम ३क. बमोजिमको विश्वविद्यालय सेवा सम्झनु पर्छ ।

## परिच्छेद २

## पदपूर्तिका लागि माग गर्ने सम्बन्धी व्यवस्था

३. **पदपूर्तिको माग गर्ने व्यवस्था :** (१) विश्वविद्यालय सेवाको कुनै पद रिक्त भएमा त्यसको सूचना पद रिक्त भएको एक महिनाभित्रमा सम्बन्धित निकायले कर्मचारी प्रशासन महाशाखालाई र सो को जानकारी आयोगमा पठाउनु पर्नेछ ।

(२) उपविनियम (१) बमोजिम रिक्त भई पदपूर्तिको लागि माग भई आएका पदहरूको विवरण र महाशाखामा रहेको अभिलेखसँग भिडाई नियमानुसार प्रतिशत निर्धारण गरी दरबन्दी सिर्जना छानबिन समितिले निर्णय गरी पदपूर्ति गर्ने संख्या हरेक वर्ष आषाढ मसान्तभित्र कार्यकारी परिषद् समक्ष पेश गर्नुपर्नेछ । कार्यकारी परिषद्ले सो सम्बन्धमा निर्णय गरी आयोगमा विज्ञापनका लागि माग गरी पठाउनु पर्नेछ ।

(३) विश्वविद्यालय सेवाको पदपूर्तिको लागि माग गर्दा सो अवधिसम्म रिक्त हुन आएका पद र आगामी छ महिनाभित्रमा अवकाश तथा आन्तरिक प्रतियोगिताबाट रिक्त हुने पदसमेत यकिन गरी माग गर्न सकिनेछ ।

(४) कार्यकारी परिषद्ले स्थायी पदपूर्तिको लागि तोकी पठाएको पद, पदको सङ्ख्या र प्रतियोगिताको किसिमका आधारमा आयोगले शिक्षकको नियुक्तिको लागि सिफारिस सम्बन्धी कारबाही सुरु गर्नेछ । आयोगले विज्ञापन भएको मितिले सामान्यतया छ महिनाभित्र सिफारिसको कारबाही टुङ्गो लगाउने गरी कार्ययोजना बनाई लागू गर्नु पर्नेछ ।

(५) उप विनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि त्रिभुवन विश्वविद्यालयबाट स्वायत्तता प्राप्त गरेका क्याम्पसहरुमा रिक्त रहेका दरबन्दीमा नियुक्ति वा बढुवाको लागि पदपूर्ति गर्नुपर्ने भएमा रिक्त रहेका पदको संख्या, पद र विषय समेत खुलाई स्वायत्तता प्राप्त क्याम्पसहरुले कर्मचारी प्रशासन महाशाखामा माग गरी पठाउनु पर्नेछ ।

## परिच्छेद ३

## विज्ञापन, आवेदन फाराम छानबिन र स्वीकृति

४. **विज्ञापन सम्बन्धी व्यवस्था :** (१) विभिन्न पद, तिनको सङ्ख्या एवम् प्रतियोगिताको किसिम समेत खुलाई आयोगले सिफारिस गर्ने पदहरूको विज्ञापन राष्ट्रिय स्तरको पत्र-पत्रिकामा प्रकाशित गर्नेछ । विज्ञापन गर्दा प्रत्येक पद र विषय अनुसार छुट्टाछुट्टै विज्ञापन नं. राखी प्रकाशित

गरिनेछ ।

(२) [1] उपविनियम (१) बमोजिम विज्ञापन अनुसार आवेदन दिने म्याद विज्ञापनको प्रथम पटक प्रकाशन भएको मितिले कम्तीमा ३५ दिनको हुनेछ । दोब्बर दस्तूर तिरेर थप ७ दिनसम्म आवेदन फाराम भर्ने म्याद कायम रहनेछ ।

(३) विज्ञापन बमोजिम न्यूनतम योग्यता पुग्ने उम्मेदवारहरूले आवेदन फारामसाथ तोकिएको दस्तुर दाखिला गरी म्यादभित्र आयोगको कार्यालयमा बुझाई सक्नु पर्नेछ ।

(४) आयोगबाट भएको विज्ञापनमा आवेदन फाराम भर्दा लाग्ने दस्तुर सेवा आयोगले तोके बमोजिम हुनेछ ।

(५) समावेशी समूहमा आवेदन गर्ने उम्मेदवारहरूले अनुसूची १ को आधारमा आवेदन दिनुपर्नेछ ।

(६) आयोगले प्रतियोगिताका लागि आवेदकहरूमध्येबाट योग्य उम्मेदवारको नामावली प्रतियोगिता हुने दिनभन्दा घटीमा १५ दिन अगाडि प्रकाशित गर्नेछ । साथै प्रतियोगिता हुने मिति र स्थान बारे प्रतियोगिता हुने दिनभन्दा कम्तीमा पनि १५ दिन अगाडि राष्ट्रियस्तरका पत्र-पत्रिकामार्फत सूचना प्रकाशित गर्नेछ ।

(७) आयोगमा दाखिला भइसकेका आवेदन, आवेदन दस्तुर र सम्बन्धित संलग्न कागजात फिर्ता गरिने छैन ।

(८) पदपूर्तिको लागि विज्ञापन गर्दा आवेदन फारामको ढाँचा आयोगले तोक्नेछ ।

**५. उम्मेदवारको उमेर योग्यताको गणना :** [2] (१) आवेदन फाराम बुझाउने व्यक्ति उम्मेदवार हुनको लागि विश्वविद्यालयको नियमानुसार पुग्नुपर्ने वा कायम रहनु पर्ने उमेर विज्ञापन प्रकाशित हुनुभन्दा अघिल्लो दिनसम्म पुगेको वा कायम रही उमेरको हद ननाघेको हुनुपर्नेछ ।

(२) उम्मेदवारको उमेरको गणना गर्दा निजले दरखास्त फारामसाथ पेश गरेका शिक्षण संस्थाको प्रमाणपत्रमा किटिएको जन्म दिन वा वर्ष, नागरिकताको प्रमाणपत्रमा किटिएको जन्मदिन वा वर्षबाट हुन आएको उमेर मध्ये जुन उमेरबाट निज पहिले जन्मिएको देखिन्छ सोही आधारमा निजको उमेरको गणना गरिनेछ ।

(३)[3] विज्ञापन प्रकाशित भइसकेपछि प्राप्त हुने शैक्षिक योग्यता, अनुभव वा सेवा अवधि गणना गरिने छैन ।

**६. आवेदन फाराम उपर छानबिन गर्ने :** (१) आयोगमा प्राप्त दरखास्त फाराम विज्ञापनमा उल्लेख भए बमोजिम रित पुगे नपुगेको छानबिन गर्नुपर्नेछ ।

(२) उपविनियम (१) बमोजिम आवेदन फाराम उपर छानबिन गर्दा उम्मेदवारको आवेदन फाराम रित पूर्वकको देखिएमा सम्बन्धित उम्मेदवारलाई विनियम ७ बमोजिमको परीक्षा प्रवेश पत्र उपलब्ध गराउनु पर्नेछ ।

(३) उपविनियम (१) बमोजिम आवेदन फाराम उपर छानबिन गर्दा म्यादभित्र प्राप्त नभएको वा न्यूनतम योग्यता नपुगेको वा विज्ञापनमा उल्लिखित अन्य विवरण नखुलाएको वा नमिलेको,

---

[1] त्रि.वि. कार्यकारी परिषदको मिति २०७७/१०/४ को बैठकबाट संशोधन

[2] त्रि.वि. कार्यकारी परिषदको मिति २०७७/१०/४ को बैठकबाट संशोधन

[3] त्रि.वि. कार्यकारी परिषदको मिति २०७७/१०/४ को बैठकबाट संशोधन

परीक्षा दस्तुर नबुझाएको वा अन्य रीत नपुगेको पाइएमा त्यस्तो आवेदन फाराम उपर कुनै कारबाही गरिने छैन ।

(४) कुनै उम्मेदवारको आवेदन फाराम सर्त राखी स्वीकृत गरिने छैन ।

(५) उपविनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि परीक्षा प्रवेशपत्र जारी भएपछि कुनै उम्मेदवारको आवेदन फाराम रीतपूर्वकको नदेखिएमा त्यस्तो आवेदन फाराम जुनसुकै अवस्थामा पनि रद्द गर्न सकिनेछ ।

**७. परीक्षा प्रवेशपत्र सम्बन्धी व्यवस्था :** (१) परीक्षा प्रवेशपत्रको ढाँचा आयोगले निर्धारण गरे बमोजिम हुनेछ ।

(२) उम्मेदवारले प्रवेश पत्रमा उल्लेख भएका शर्तहरू पालना गर्नुपर्नेछ र त्यस्तो शर्तहरूको पालना नगर्ने उम्मेदवारलाई आयोगले उपयुक्त ठहर्‍याएको कारबाही गर्न सक्नेछ ।

(३) आयोगले प्रदान गरेको परीक्षा प्रवेश पत्र हराएमा वा नासिएमा सम्बन्धित व्यक्तिको निवेदनका आधारमा आयोगले तोकेको दस्तुर लिई परीक्षा प्रवेश पत्रको प्रतिलिपि उपलब्ध गराउनु पर्नेछ ।

## परिच्छेद ४

## प्रतियोगिताको प्रकार, अनुपात र पदपूर्ति

**८. प्रतियोगिताको प्रकार र अनुपात :** (१) आयोगले शिक्षण सेवाका पदमा आन्तरिक प्रतियोगिता र खुला प्रतियोगिताका आधारमा नियुक्तिको लागि सिफारिस गर्नेछ ।

(२) शिक्षण सेवामा रिक्त रहेका पदहरूमध्ये देहायबमोजिम पूर्ति गरिनेछ :

| पद | खुला प्रतियोगिता | आन्तरिक प्रतियोगिता |
|---|---|---|
| प्राध्यापक | २०% | ८०% |
| सहप्राध्यापक | २०% | ८०% |
| उपप्राध्यापक | ८०% | २०% |
| सहायक प्राध्यापक | १००% | - |

(३) प्रशिक्षकको विभिन्न पदमा कार्यरत प्रशिक्षकहरूलाई आन्तरिक प्रतियोगिताको माध्यमबाट पदपूर्ति गर्ने सङ्ख्या कार्यकारी परिषद्ले तोके बमोजिम हुनेछ ।

(४) उपविनियम (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा रिक्त पद देहाय बमोजिम पूर्ति गरिनेछ :

(क) आन्तरिक प्रतियोगिताका लागि छुट्याइएको सबै वा केही पदमा सम्भाव्य उम्मेदवार नभई पदपूर्ति हुन नसक्ने भएमा जुन वर्षको लागि त्यस्तो पद छुट्याइएको हो सोही वर्षको त्यस्तो पद खुला प्रतियोगिताद्वारा पदपूर्ति गरिनेछ ।

(ख) उप प्राध्यापक वा सो भन्दा मुनिको पदमा आन्तरिक प्रतियोगिताको लागि सम्भाव्य उम्मेदवार नभई सबै वा केही पद पूर्ति हुन नसक्ने भएमा त्यस्तो पद खुला प्रतियोगिताद्वारा पूर्ति गरिनेछ ।

(ग) एक श्रेणी मुनिको पद नभएको सेवा, समूह वा विषयको पदमा रिक्त सबै पद खुला प्रतियोगिताद्वारा पूर्ति गरिनेछ ।

(५) प्रतिशत विभाजन गर्दा भागफल दशमलवमा आएमा जुनमा वढी आउँछ त्यसैका लागि प्रतिशत निर्धारण गर्ने र दशमलव पछि खुला र आन्तरिक प्रतियोगतामा भागफल बराबर आएमा आन्तरिक प्रतियोगितालाई प्राथमिकता दिने व्यवस्था गरिनेछ ।

(६) आन्तरिक प्रतियोगिता र खुला प्रतियोगिताको एकै समयमा भएको विज्ञापनको अन्तिम नतिजा प्रकाशित गर्दा पहिला आन्तरिक प्रतियोगिता र त्यसपछि खुला प्रतियोगिताको नतिजा प्रकाशित गर्ने व्यवस्था गरिनेछ

## परिच्छेद ५
## उम्मेदवारको लागि योग्यता

**९ आन्तरिक प्रतियोगिताको लागि योग्यता :** (१) शिक्षण सेवाको आन्तरिक प्रतियोगिताद्वारा नियुक्त हुने पदमा उम्मेदवार हुनको लागि आवश्यक पर्ने शैक्षिक योग्यता सम्बन्धित विषयमा स्नातकोत्तर तहमा कम्तीमा द्वितीय श्रेणीमा उत्तीर्ण भएको र अन्य योग्यता त्रिभुवन विश्वविद्यालय शिक्षक कर्मचारी सेवा सम्बन्धी नियम, २०५० मा उल्लेख भए बमोजिम हुनेछ ।

(२) उपनियम (१) मा भएको व्यवस्था बाहेक सम्बन्धित संस्थान वा सङ्कायको प्रकृति अनुसार विद्यापरिषद्को सिफारिसमा प्राज्ञिक परिषद्ले उम्मेदवार हुनको लागि अतिरिक्त योग्यता तोक्न सक्नेछ ।

(३) स्थायी सेवा अवधि गणना गर्दा बेतलबी वा असाधारण बिदा लिएको अवधि, गयल भएको अवधि र विश्वविद्यालय बाहिर बेतलबी काजमा गई काम गरेको अवधि घटाई पदोन्नति हुने पदको एक तह मुनिको पदमा तोकिएको अवधि पूरा भएको अवस्थामा मात्र आन्तरिक प्रतियोगितामा भाग लिन पाउनेछन् ।

**१०.** [४] **खुला प्रतियोगिताको लागि योग्यता :** देहायका पदका लागि देहाय बमोजिम योग्यता पुगेका व्यक्तिले मात्र खुला प्रतियोगिताको लागि उम्मेदवार हुन पाउनेछन् :

**(क) प्राध्यापक पदका लागिः**

त्रिभुवन विश्वविद्यालय वा यसबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा विद्यावारिधि (पिएच.डी.) वा Dm/Mch उपाधि प्राप्त गरेको र कुनै पनि विश्वविद्यालय वा शैक्षिक प्रतिष्ठानमा पूर्णकालीन शिक्षकका रूपमा कम्तीमा दश वर्ष स्नातक तह वा सोभन्दा माथिका शैक्षिक कार्यक्रममा अध्यापन गरेको र अनुसूची ५ बमाजिम क,ख, वा ग बर्गमा पर्ने विषयगत राष्ट्रिय /अन्तर्राष्ट्रिय जर्नलमा कम्तीमा दशवटा अनुसन्धानात्मक लेख प्रकाशित गरेको जसमध्ये कम्तीमा पाँचवटामा Principal Author भएको हुनु पर्ने ।

**(ख) सहप्राध्यापक पदका लागिः**

त्रिभुवन विश्वविद्यालय वा यसबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा विद्यावारिधि (पिएच.डी.) वा Dm/Mch उपाधि प्राप्त गरेको र कुनै पनि विश्वविद्यालय वा

[४] त्रि.वि. कार्यकारी परिषदको मिति २०७७/१०/४ को बैठकबाट संशोधन

शैक्षिक प्रतिष्ठानमा पूर्णकालीन शिक्षकका रूपमा कम्तीमा ८ वर्ष स्नातक तह वा सोभन्दा माथिका शैक्षिक कार्यक्रममा अध्यापन गरेको र अनुसूची ५ बमोजिम क,ख, वा ग वर्गमा पर्ने विषयगत राष्ट्रिय /अन्तर्राष्ट्रिय जर्नलमा कम्तीमा ६ वटा अनुसन्धानात्मक लेख प्रकाशित गरेको जसमध्ये कम्तीमा ३ वटामा Principal Author भएको हुनु पर्ने ।

**(ग) उप प्राध्यापक पदका लागिः**

त्रिभुवन विश्वविद्यालय वा यसबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट कुनै पनि विषयमा कम्तीमा द्वितीय श्रेणीमा स्नातकोत्तर उपाधि प्राप्त गरी आवेदित पदसँग सम्बन्धित विषयमा विद्यावारिधि उपाधि प्राप्त गरेको ।

वा

त्रिभुवन विश्वविद्यालय वा यसबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा कम्तीमा द्वितीय श्रेणीमा स्नातकोत्तर उपाधि प्राप्त गरेको ।

**(घ) सहायक प्राध्यापक पदका लागिः**

त्रिभुवन विश्वविद्यालय वा यसबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा कम्तीमा द्वितीय श्रेणीमा स्नातकोत्तर उपाधि प्राप्त गरेको ।

**द्रष्टव्यः** आफ्नो शैक्षिक योग्यता अनुसारको पेशामा संलग्न हुन अनुमति (Licence) आवश्यक पर्ने भएमा वा आफनो पेशा व्यवसायसँग सम्बन्धित काउन्सिलमा दर्ता गर्नुपर्ने भएमा सो को अनुमति पत्र र दर्ता प्रमाणपत्र सलग्न गुपर्नेछ ।

## परिच्छेद ६

## आन्तरिक प्रतियोगिताको सिफारिसका आधार

**११. आन्तरिक प्रतियोगिताको सिफारिसका आधार :** आन्तरिक प्रतियोगिता अन्तर्गत देहायका पदमा नियुक्तिको सिफारिसको लागि निर्धारित पूर्णाङ्क देहाय बमोजिम हुनेछ :

| आधार | प्राध्यापक | सहप्राध्यापक | उपप्राध्यापक | मुख्य प्रशिक्षक, वरिष्ठ प्रशिक्षक, प्रशिक्षक, उपप्रशिक्षक |
|---|---|---|---|---|
| १. शैक्षिक योग्यता | २५ | २५ | ३१ | २५ |
| २. अनुसन्धान तथा कृति प्रकाशन | २१ | २१ | २० | १० |
| ३. शिक्षण सेवा अनुभव | ४० | ४० | ३० | ४० |
| ४. कार्य सम्पादन मूल्याङ्कन | ४ | ४ | ४ | १० |
| ५. अन्तर्वार्ता | १० | १० | १५ | १५ |
| | १०० | १०० | १०० | १०० |

**१२. शैक्षिक योग्यताको अङ्क विभाजन :** (१)[५] प्राध्यापक र सहप्राध्यापक पदको निमित्त शैक्षिक योग्यताको अङ्क विभाजन देहाय अनुसार हुनेछ :

| **शैक्षिक योग्यता** | **विशिष्ट श्रेणी / CGPA: A वा सो सरह (A / A-)** | **प्रथम श्रेणी / CGPA : B वा सो सरह ( B / B+)** | **द्वितीय श्रेणी/ CGPA : C वा सो सरह (C)** | **तृतीय श्रेणी** |
|---|---|---|---|---|
| स्नातक | ६ | ५.५ | ५ | **४.५** |
| स्नातकोत्तर | ११ | १०.५ | १० | |
| एम.फिल. वा विद्यावारिधि | ४ | ३ | २ | |
| | ८ | | | |

(२) उप प्राध्यापक पदको निमित्त शैक्षिक योग्यताको अङ्क विभाजन देहाय अनुसार हुनेछ :

| **शैक्षिक योग्यता** | **विशिष्ट श्रेणी / CGPA: A वा सो सरह (A / A-)** | **प्रथम श्रेणी / CGPA : B वा सो सरह ( B / B+)** | **द्वितीय श्रेणी/ CGPA : C वा सो सरह (C)** | **तृतीय श्रेणी** |
|---|---|---|---|---|
| स्नातक | ४ | ३.५ | ३ | २.५ |
| स्नातकोत्तर | १७ | १६ | १५ | |
| एम.फिल. वा विद्यावारिधि | ५ | ४ | ३ | |
| | १० | | | |

(३) मुख्य प्रशिक्षक, वरिष्ठ प्रशिक्षक, प्रशिक्षक, उप प्रशिक्षक पदको निमित्त शैक्षिक योग्यताको अङ्क विभाजन देहाय अनुसार हुनेछ :

| **शैक्षिक योग्यता** | **विशिष्ट श्रेणी** | **प्रथम श्रेणी** | **द्वितीय श्रेणी** | **तृतीय श्रेणी** |
|---|---|---|---|---|
| प्रविणता प्रमाणपत्र | ५ | ४ | ३ | २ |
| स्नातक | १५ | १४ | १३ | १२ |
| स्नातकोत्तर | ५ | ४ | ३ | २ |

(४) उपविनियम (१), (२) र (३) मा उल्लेख भएका अतिरिक्त शैक्षिक योग्यता सम्बन्धी अन्य व्यवस्था देहायबमोजिम हुनेछ :

(क)[६] स्नातक पछि स्नातकोत्तर तह उत्तीर्ण नगरी सिधै सम्बन्धित विषयमा विद्यावारिधि गर्नेहरूको हकमा स्नातकोत्तर तह र विद्यावारिधि दुबै उपाधिको अङ्क प्रदान नगरी बढी अंक प्राप्त गर्ने एक तहको मात्र अङ्क प्रदान गरिनेछ । सम्बन्धित विषयमा स्नातकोत्तर तह उत्तीर्ण गरी विद्यावारिधि गरेको अवस्थामा मात्र स्नातकोत्तर तह र विद्यावारिधि दुवै उपाधिमा अङ्क प्रदान गरिनेछ ।

(ख) श्रेणी नखुलेको शैक्षिक योग्यता वा उपाधिलाई द्वितीय श्रेणीको अङ्क दिइने छ ।

(ग) भिन्न विषयको समान तहको एक भन्दा बढी शैक्षिक योग्यता वा उपाधि हासिल गरेको भए पनि आवेदित पदसँग सम्बन्धित एक शैक्षिक योग्यता वा उपाधिको मात्र अङ्क दिइनेछ ।

(घ) त्रिभुवन विश्वविद्यालय बाहेक अन्य विश्वविद्यालयबाट प्राप्त गरेको शैक्षिक उपाधि (श्रेणी वा ग्रेड समेत खुलेको) विश्वविद्यालयबाट मान्यता भएको स्तर निर्धारण गरेको प्रमाणित प्रतिलिपि

---

[५] त्रि.वि. कार्यकारी परिषदको मिति २०७७/१०/४ को बैठकबाट संशोधन

[६] त्रि.वि. कार्यकारी परिषदको मिति २०७७/१०/४ को बैठकबाट संशोधन

पनि पेश गर्नु पर्नेछ । अन्यथा आवेदन फाराम स्वीकार गरिनेछैन ।

(ङ) विज्ञापन प्रकाशित हुनुभन्दा पहिलेको मितिसम्म पूरा नभएका तथा आवेदन फाराममा उल्लेख नभएका शैक्षिक उपाधीहरूको अङ्क दिइने छैन ।

(च) शैक्षिक उपाधिमा अङ्क दिने प्रयोजनका लागि मात्र चिकित्सा शास्त्र अध्ययन संस्थान अन्तर्गतको सम्बन्धित विषयको DM/MCh उपाधि विद्यावारिधि उपाधि सरह मान्य हुनेछ । विद्यावारिधि (Ph.D.) उपाधि, एम.फिल.(M.Phil) उपाधि र DM/MCh उपाधि मध्ये कुनै एक उपाधिको मात्र अङ्क पाइनेछ । एम.फील. उपाधिमा CGPA- C भन्दा तलको CGPA लाई अङ्क प्रदान गरिने छैन । सम्बन्धित विषयको एम.फिल. वा सम्बन्धित विषयको विद्यावारिधि उपाधिको मात्र अङ्क प्रदान गरिनेछ ।

(छ) कुनै पनि भाषा/साहित्य विषयमा विद्यावारिधि गर्नेहरूको हकमा जुन भाषा/साहित्यका पदहरूमा पदोन्नतिका लागि आवेदन दिने हो सोही भाषामा शोधपत्र लेखी विद्यावारिधि गरेको अवस्थामा मात्र अङ्क प्रदान गरिने छ ।

(ज)[७] उम्मेदवारले हासिल गरेको विद्यावारिधिको उपाधि अध्यापन र आवेदित विषयसँग सम्बन्धित भए नभएको सम्बन्धमा स्पष्ट गर्नु पर्ने भएमा सम्बन्धित विषय समितिको सिफारिसमा विद्यापरिषदबाट निर्णय भए बमोजिम हुनेछ ।

## परिच्छेद ७

## अनुसन्धान तथा कृति प्रकाशनको अङ्क विभाजन

**१३. अनुसन्धान तथा कृति प्रकाशनको अङ्क विभाजन :**(१) आन्तरिक प्रतियोगिताको प्राध्यापक र सहप्राध्यापक पदमा आवेदन गर्ने उम्मेदवारहरूले अनुसूची २ मा भएको व्यवस्था बमोजिम देहायका आधारमा विनियम ११ मा तोकिएको अधिकतम अङ्कसम्म प्राप्त गर्न सक्ने छन् ।

| क्र.सं. | शीर्षक | प्रति अङ्क | अधिकतम अङ्क |
|---|---|---|---|
| १. | सम्बन्धित विषयको पाठ्यपुस्तक/सन्दर्भ ग्रन्थ | १ | २ |
| २. | सम्बन्धित विषयको अनुसन्धानात्मक सन्दर्भ ग्रन्थ | २ | ४ |
| ३. | सम्बन्धित विषयको अनुसन्धानात्मक प्रतिवेदन | १.५ | ३ |
| ४. | विद्यावारिधि शोध निर्देशन | १.५ | ३ |
| | वा स्नातकोत्तर शोध निर्देशन | ०.५ | २ |
| ५. | विषयगत अन्तर्राष्ट्रिय जर्नलमा प्रकाशित लेख | २ | ६ |
| ६. | [८] विषयगत जर्नलमा प्रकाशित अनुसन्धानात्मक लेख | १.५ | ६ |
| ७. | विषयगत साधारण लेख | ०.५ | २ |
| ८. | Impact Factor Rated Journalमा प्रकाशित लेख | २ | २ |

(२) आन्तरिक प्रतियोगिताको उपप्राध्यापक पदमा आवेदन गर्ने उमेद्वारहरूले अनुसूची ३ मा भएको

---

[७] त्रि.वि. कार्यकारी परिषदको मिति २०७७/१०/४ को बैठकबाट संशोधन

[८] त्रि.वि. कार्यकारी परिषदको मिति २०७७/१०/४ को बैठकबाट संशोधन

व्यवस्था बमोजिम देहायका आधारमा विनियम ११ मा तोकिएको अधिकतम अङ्कसम्म प्राप्त गर्न सक्ने छन् ।

| क्र.सं. | शीर्षक | प्रति अङ्क | अधिकतम अङ्क |
|---|---|---|---|
| १. | सम्बन्धित विषयको पाठ्यपुस्तक/सन्दर्भ ग्रन्थ | १ | ३ |
| २. | सम्बन्धित विषयको अनुसन्धानात्मक सन्दर्भ ग्रन्थ | १ | ३ |
| ३. | सम्बन्धित विषयको अनुसन्धानात्मक प्रतिवेदन | १ | ३ |
| ४. | विषयगत अन्तर्राष्ट्रिय जर्नलमा प्रकाशित लेख | २ | ६ |
| ५. | [९] विषयगत जर्नलमा प्रकाशित अनुसन्धानात्मक लेख | १.५ | ९ |
| ६. | विषयगत साधारण लेख | ०.५ | २ |
| ७. | स्नातकोत्तर शोध निर्देशन | ०.५ | २ |

(३) मुख्य प्रशिक्षक, वरिष्ठ प्रशिक्षक, प्रशिक्षक र उपप्रशिक्षकको पदमा आवेदन गर्ने उम्मेदवारहरूले अनुसूची ४ मा भएको व्यवस्था बमोजिम देहायका आधारमा अधिकतम १० अङ्कसम्म प्राप्त गर्न सक्ने छन् ।

| क्र.सं. | शीर्षक | प्रति अङ्क | अधिकतम अङ्क |
|---|---|---|---|
| १. | सम्बन्धित विषयको पुस्तक | ४ | ८ |
| २. | जर्नलमा प्रकाशित लेख | ३ | ६ |
| ३. | विषयगत साधारण लेख | १ | ६ |

(४) उपविनियम (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा मात्र उम्मेदवारहरूलाई अङ्क प्रदान गरिनेछ ।

(क) [१०] ISBN नभएका पुस्तक/सबै प्रकारका ग्रन्थ तथा ISSN नभएको जर्नलको मुल्याङ्कन गरिने छैन । विज्ञापन हुनुभन्दा अघि नै ISBN र ISSN लिई प्रकाशित भएको हुनुपर्नेछ । प्रत्येक कृतिको छुट्टा छुट्टै ISBN उल्लेख भएको हुनपर्नेछ । त्रि.वि. केन्द्रीय पुस्तकालयबाट ISBN प्राप्त गरेपश्चात् पुस्तक त्रि.वि. केन्द्रीय पुस्तकालयमा अनिवार्य बुझाउनुपर्ने व्यस्था रहेको हुँदा नेपालबाट प्रकाशित पुस्तक/सबै प्रकारको ग्रन्थको ISBN लिएको मिति र दुई प्रति पुस्तक त्रि.वि. केन्द्रीय पुस्तकालयमा बुझएको सम्बन्धमा त्रि.वि. केन्द्रीय पुस्तकालयबाट प्रमाणित गराई पेश गर्नुपर्नेछ ।

(ख) समाचार पत्रहरूमा छापिएका लेखहरूको मूल्याङ्कन गरिने छैन । साथै Case Report, Review Article सम्पादन कार्य, अनुवाद कार्य, गाइड तथा सङ्कलन कार्य मात्र भएका कृतिहरू तथा एब्स्ट्रयाक्टको मूल्याङ्कन गरिने छैन ।

(ग) अनुसन्धान तथा कृति प्रकाशनको अङ्क आन्तरिक प्रतियोगिताको हकमा आवेदित पदभन्दा एक तहमुनिको पदमा कार्यरत रहँदा लेखिएको पुस्तक, कृति, अनुसन्धान कार्य आदि बापत मात्र प्रदान गरिनेछ । विज्ञापन प्रकाशित भई सकेपछि प्रकाशित भएका अनुसन्धान तथा कृति प्रकाशन एवं शोध निर्देशन कार्यको मूल्याङ्कन गरिने छैन ।

---

[९] त्रि.वि. कार्यकारी परिषदको मिति २०७७/१०/४ को बैठकबाट संशोधन

[१०] त्रि.वि. कार्यकारी परिषदको मिति २०७७/१०/४ को बैठकबाट संशोधन

(घ)[११] ललितकला, संगीत आदि विषयमा सम्बन्धित व्यक्तिले सिर्जना गरेको कला/संगीत आदि कार्यको मूल्याङ्कन आयोगले विशेषज्ञ समेत रहेको मूल्याङ्कन समितिबाट गराउनेछ। यस प्रयोजनका निमित्त अनुसन्धान तथा कृति प्रकाशनको अंक विभाजनमा छुट्याइएको वर्गीकरणमा एक वर्गीकरण थप गरी अधिकतम १० अंक हुनेगरी सिर्जनाको मूल्यांकन हुनेछ। विशेषज्ञले सबै सिर्जनाको अध्ययन गरेर पूर्णांक १० मा एकमुष्ट अंक प्रदान गर्नेछन्।

(ङ)[१२] बहु लेखकको नाममा प्रकाशित कृतिको मूल्याङ्कन गर्दा Principal Author भई प्रकाशित कृतिको मूल्याङ्कित पूरा अङ्क, Corresponding Author उल्लेख भएमा निजलाई ७० प्रतिशत र अन्यलाई मूल्यांकित अंक दामासाहीमा प्रदान गरिनेछ।

(च) विद्यावारिधिको शोधपत्र पुस्तकको रूपमा पेश गरेमा कुनै अङ्क दिइने छैन।

(छ)[१३] विद्यावारिधि तहको शोध निर्देशन गरी सो शोध कार्य पूरा भई उपाधि प्रदान गरिएको प्रति शोध निर्देशनको १.५ अङ्कका दरले अधिकतम अङ्क ३ प्रदान गरिनेछ। आन्तरिक प्रतियोगिताको हकमा आवेदित पद भन्दा एक तह मुनिको पदमा हुँदा गरेको शोध निर्देशन कार्य वापत मात्र प्रदान गरिने छ। यसका निमित्त शोधार्थीको नाम, शोध शीर्षक तथा शोधकार्य पूरा भई उपाधि प्रदान गरिएको मिति (वर्ष, महिना र गते) उल्लेख गरी सम्बन्धित निकायबाट लेखिएको सक्कल पत्र नै पेश गर्नु पर्ने छ। आन्तरिक प्रतियोगितामा **त्रिभुवन** विश्वविद्यालयका संकाय/अध्ययन संस्थानहरूमा नाम दर्ता गरी विद्यावारिधि शोध कार्य (Ph.D) गर्ने शोधार्थीहरूको मुख्य शोध निर्देशक भई शोध निर्देशन गरेको भएमा मात्र विद्यावारिधि (Ph.D) शोध निर्देशन वापतको अङ्क प्राप्त गर्न सकिने छ।

(ज) अनुसन्धान केन्द्रमा कार्यरत शिक्षकहरूले अनुसन्धान बापत छुट्याइएको अङ्क प्राप्त गर्न आफू कार्यरत अनुसन्धान केन्द्रबाहेक अन्य क्षेत्रबाट गरेको अनुसन्धान प्रतिवेदन मात्र पेश गर्न सकिनेछ।

(झ) उम्मेदवारले आफ्ना कृतिहरूलाई जुन प्रकारअन्तर्गत मूल्याङ्कनका निमित्त पेश गरेको छ सोही प्रकार अन्तर्गत रहेर मात्र मूल्याङ्कन गरिने छ। आवेदकले माग गरेको भन्दा भिन्न प्रकारमा गएर कुनै पनि कृतिको मूल्याङ्कन गरिने छैन।

(ञ)[१४] उम्मेदवारले प्रत्येक महलमा उल्लेख गरिएको संख्या भन्दा बढी (दोब्बर) कृतिहरू बुझाउन सक्नेछ। आवेदकले पेश गरेका कृतिहरु मध्ये विनियम १४ (४) अनुसार मुल्याँकनका लागि उपयुक्त ठहराइएका सवै कृतिहरूको मूल्याङ्कन गरी प्रत्येक महलमा उल्लेखित अधिकतम अङ्कमा नबढ्ने गरी अङ्क प्रदान गरिनेछ। अंग्रेजी र नेपाली भाषा बाहेक अन्य भाषामा प्रकाशित कृतिहरु (भाषा विषयमा सोही भाषामा लेखिएका बाहेक) अंग्रेजी वा नेपाली भाषामा उल्था गरी पेश गर्नुपर्नेछ। अन्यथा त्यस्ता कृति मूल्यांकन गरिने छैन।

(ट)[१५] अनुसन्धान प्रतिवेदनका साथमा अनुसन्धान गराउने संस्थाको अनुसन्धान पूरा भएको मिति तथा उक्त अनुसन्धान प्रतिवेदन मूल्याङ्कन भइ स्वीकृत भएको भन्ने विवरण सहितको आधिकारिक पत्र सक्कल नै अनुसन्धान प्रतिवेदनमा नै संलग्न भएको हुनु पर्ने छ। यस्तो

---

[११] त्रि.वि. कार्यकारी परिषदको मिति २०७७/१०/४ को बैठकबाट संशोधन
[१२] त्रि.वि. कार्यकारी परिषदको मिति २०७७/१०/४ को बैठकबाट संशोधन
[१३] त्रि.वि. कार्यकारी परिषदको मिति २०७७/१०/४ को बैठकबाट संशोधन
[१४] त्रि.वि. कार्यकारी परिषदको मिति २०७७/१०/४ को बैठकबाट संशोधन
[१५] त्रि.वि. कार्यकारी परिषदको मिति २०७७/१०/४ को बैठकबाट संशोधन

आधिकारिक पत्र संलग्न नभएको अनुसन्धान प्रतिवेदनको मूल्याङ्कन गरिने छैन । साथै शैक्षिक उपाधि र अध्ययन भ्रमणका लागि प्राप्त शोधवृत्ति वापतको प्रतिदन तथा परामर्श सेवाको प्रतिवेदन मूल्यांकन गरिने छैन । अनुसन्धान प्रतिवेदनलाई पुस्तक वा जर्नलमा लेखको रुपमा प्रकाशित गरिएको भए कुनै एक वर्गमा मात्र पेश गर्न सकिने छ ।

(ठ)[१६] उम्मेदवारले आवेदन फाराम सँगै पेश गर्न ल्याएका अनुसन्धानात्मक र अन्य कृतिहरूको सूची आवेदन फारामका साथै तोकिए बमोजिमको ढाँचामा समेत उल्लेख गरी पेश गर्नु पर्ने छ। उम्मेदवारले पेश गरेका पुस्तक तथा अनुसन्धान कृतिहरुको सूचि कृति मूल्यांकन गर्नुपुर्व नै सम्बन्धित सबैको जानकारीका लागि सार्वजनिक गरिने र कसैलाई चित्त नबुझेको अवस्थामा निश्चित समयावधि भित्र कारण खोली निवेदन दिन सकिने व्यवस्था आयोगले मिलाउने छ

(ड) उम्मेदवारले आफैले वा अरुले प्रकाशन गरेको लेख वा पुस्तकबाट सन्दर्भ उद्धृत नगरी अर्को लेखमा ३०% भन्दा बढी हुने गरी कुनै अंश जस्ताको तस्तै उद्धृत गरेको रहेछ भने त्यस्तो कृति मूल्याङ्कन गरिने छैन ।

(ढ) कृति मूल्याङ्कन गर्ने प्रयोजनका लागि नेपाल भित्र छापिएको वा प्रकाशित भएको जर्नल अन्तर्राष्ट्रिय जर्नलका रूपमा गणना गरिने छैन । तर SCImago Journal Rank or Impact Factor मा परेका नेपाल भित्रै प्रकाशित जर्नलहरूलाई अन्तर्राष्ट्रिय जर्नलको रूपमा गणना गर्न सकिनेछ । सो Impact Factorमा परेको प्रमाण सम्बन्धित उम्मेदवारले पेश गर्नुपर्नेछ ।

(ण) जर्नल/पत्रिकाको एक अङ्क (Volume) बाट एक उम्मेदवारको एउटा लेख मात्र मूल्याङ्कन हुनेछ ।

(त) पुस्तकमा स्पष्ट रुपमा प्रथम संस्करण मिति उल्लेख भएको हुनु पर्नेछ । प्रथम संस्करण उल्लेख नगरी संस्करण मात्र लेखिएका पुस्तकहरू मूल्याङ्कनमा पर्ने छैनन् । साथै पुस्तकमा प्रकाशकको सम्पर्क गर्न मिल्ने ठेगाना उल्लेख भएको हुनु पर्नेछ ।

(थ) “पाठ्यपुस्तक” भन्नाले विश्वविद्यालयको स्नातक तह वा सोभन्दा माथिका शैक्षिक कार्यक्रमका लागि उपयोगी पुस्तक सम्झनु पर्छ । विश्वविद्यालयको सम्बन्धित विषयको विषय समितिबाट मान्यता प्राप्त पाठ्यपुस्तक मात्र मूल्यांकनमा पर्नेछ ।

(द)[१७] उम्मेदवारले पेश गरेको कृति अध्यापन र आवेदित विषयसँग सम्बन्धित भए नभएको सम्बन्धमा स्पष्ट गर्नु पर्ने भएमा कृति मूल्यांकन समितिबाट निर्णय भएबमोजिम हुनेछ ।

**१४. कृति मूल्याङ्कन सम्बन्धी व्यवस्था :** (१) अनुसन्धान तथा कृति मूल्याङ्कन गराउँदा आयोगले सम्बन्धित विषयका कम्तीमा दुई जना विशेषज्ञहरू समेत रहेको समिति गठन गर्ने गरी अनुसन्धान तथा कृति मूल्याङ्कन गराइनेछ । समितिले पदअनुसार अनुसूची २, ३ वा ४को आधारमा मूल्याङ्कन गर्नेछ ।

(२)[१८] उम्मेदवारसँग सह लेखक भई कुनै कृति प्रकाशन गरेको भए त्यस्तो कृतिको सह लेखक कृति मूल्याङ्कनको लागि विशेषज्ञको रूपमा रहन योग्य हुने छैन । तर कुनै विषयमा सहलेखक बाहेकको विशेषज्ञ उपलब्ध हुन नसक्ने अवस्था भएमा निकटतम विषयका विशेषज्ञबाट कृति मूल्यांकन गराइने छ । निकटतम विषयका विशेषज्ञ समेत उपलब्ध नहुने अवस्थामा दुईजना विशेषज्ञले

---

[१६] त्रि.वि. कार्यकारी परिषदको मिति २०७७/१०/४ को बैठकबाट संशोधन

[१७] त्रि.वि. कार्यकारी परिषदको मिति २०७७/१०/४ को बैठकबाट संशोधन

[१८] त्रि.वि. कार्यकारी परिषदको मिति २०७७/१०/४ को बैठकबाट संशोधन

संयुक्त रुपमा कृतिको अंक प्रदान गें गरी सह लेखकलाई पनि कृति मूल्यांकनमा सहभागी गराउन सकिने छ ।

(३) आयोगले अन्तर्वार्ता हुनु अगाडि नै कृति मूल्याङ्कन गराई विशेषज्ञबाट प्राप्त अङ्क सिलबन्दी गराई राख्नु पर्नेछ ।

(४)[१९] कृति मूल्यांकन गर्नुपुर्व उम्मेदवारले पेश गरेका पुस्तक तथा अनुसन्धान कृतिहरुका सम्बन्धमा प्राप्त उजुरीसमेतका आधारमा कृतिहरु मूल्यांकन हुन योग्य छन् छैनन्, कृतिसाथ पेश गरेका आधारहरु र प्रमाणहरु पर्याप्त छन् छैनन् राष्ट्रिय तथा अन्तराष्ट्रिय जर्नलहरु Peer Reviewed हुन् होइनन्, उक्त जर्नलहरु SCImago Journal वा Impact factor Rated Journal हुन् होइनन्, पेश भएका जर्नलहरु कुन श्रेणीका हुन् भन्ने लगायतका विषयमा विशेषज्ञहरु सम्मिलित संयन्त्र समितिबाट यकीन भएपछि मात्र उम्मेदवारले पेश गरेका पुस्तक तथा अनुसन्धान कृतिहरुको मूल्यांकन प्रकृया अगाडि बढाइने छ । यस प्रयोजनका लागि आवश्यक प्रकृया आयोगले आफैं तोक्ने छ ।

(५)[२०] छानविन भएर मूल्यांकन योग्य भएका कृतिहरु (पुस्तक, ग्रन्थ, अनुसन्धान प्रतिवेदन तथा लेखहरु) मा अंक प्रदान गर्दा प्रत्येक कृतिमा न्यूनतम पनि ५० प्रतिशत भन्दा कम अंक प्रदान गर्न पाइने छैन ।

## परिच्छेद ८

## शिक्षण सेवा अनुभवको अङ्क विभाजन

**१५. शिक्षण सेवा अनुभवको अङ्क विभाजन :** (१)[२१] आन्तरिक प्रतियोगिताको लागि सेवा अनुभवको अङ्क प्रदान गर्दा देहायका स्थानमा रहेका क्याम्पस/ कार्यालयहरूमा काम गरेको आधारमा एक वा एकभन्दा बढी क्षेत्रमा काम गरेको अनुभव बापत विनियम ११ मा तोकिएको अङ्कसम्म प्रदान गर्न सकिनेछ ।

| **आवेदित पद** | **आवेदित पद भन्दा एक तह मुनि काम गरे बापत प्रति वर्ष आर्जन गर्ने अङ्क** | | | **साविक पद (हाल आफू कार्यरत पद) भन्दा तलका पदहरुमा काम गरे बापत प्रति वर्ष आर्जन गर्ने अङ्क** |
|---|---|---|---|---|
| | **तेह्रथुम, भोजपुर, जुम्ला, डोटी, डडेलधुरा जिल्लाको लागि** | **उपत्यका बाहिर** | **उपत्यका भित्र** | **सबै क्षेत्रका लागि** |
| प्राध्यापक/सहप्राध्यापक | २.२ | २.१ | २ | **१.५** |
| उप प्राध्यापक/ सहायक प्राध्यापक | २ | १.९ | १.८ | **०.८** |
| मुख्य प्रशिक्षक, वरिष्ठ प्रशिक्षक, प्रशिक्षक र उपप्रशिक्षक | २ | १.९ | १.८ | **०.८** |

**द्रष्टव्य :**"उपत्यका बाहिर" भन्नाले तेह्रथुम, भोजपुर, जुम्ला, डोटी, डडेलधुरा तथा काठमाडौं, ललितपुर र भक्तपुर बाहेकको जिल्लालाई जनाउँदछ । "उपत्यका भित्र" भन्नाले काठमाडौं, ललितपुर र भक्तपुर जिल्लालाई जनाउँदछ ।

---

[१९] त्रि.वि. कार्यकारी परिषदको मिति २०७७/१०/४ को बैठकबाट थप

[२०] त्रि.वि. कार्यकारी परिषदको मिति २०७७/१०/४ को बैठकबाट थप

[२१] त्रि.वि. कार्यकारी परिषदको मिति २०७७/१०/४ को बैठकबाट संशोधन

(२) सेवा अवधि गणना गर्दा जम्मा हुन आउने अवधिमा वर्ष र महिनाभन्दा घटी अवधिको लागि अङ्क दिइने छैन ।सेवा अवधिको गणना गर्दा अटुट रूपमा गरेको अवधिलाई मात्र गणना गरिनेछ । यसरी गणना गर्दा उम्मेदवार आफू वहाल रहेको पद र सोभन्दा तल्लो पदमा काम गरेको अवधिको अलग अलग हिसाव गरी अङ्क दिइने छ । महिना पछि शेष आउने दिनहरूको गणना हुने छैन ।

(३) असाधारण बिदा (बेतलबी बिदा) बसेको अवधि वाविश्वविद्यालय बाहिर बेतलबी काजमा गएका शिक्षकहरूको हकमा सेवा अनुभवको अङ्क दिने प्रयोजनका लागि सो असाधारण बिदा (बेतलवी बिदा) र बेतलबी काज अवधि गणना गरिने छैन ।

(४) अङ्क दिने प्रयोजनका निमित्त शैक्षिक पदहरुका लागि सेवा अवधि गणना गर्दाविश्वविद्यालयमा स्थायी, अटुट रुपमाअस्थायी, करारवा कोर्ष करार पदमा रही गरेको शिक्षण अनुभवदेखिअङ्क दिइनेछ ।

(५) सहायक प्राध्यापकभन्दा तलका शैक्षिक पदहरूमा रही शिक्षण कार्य गर्ने विश्वविद्यालयका शिक्षकहरूको हकमा उप प्राध्यापक पद र सो भन्दा माथिको शैक्षिक पदका लागि अङ्क दिने प्रयोजनका लागि अनुभव गणना गर्दा सम्बन्धित विषयमा स्नातकोत्तर तह उत्तीर्ण गरेपछि गरेको शिक्षण अनुभव देखि मात्र अङ्क दिइने छ । (यहाँ उल्लेख भएको “स्नातकोत्तर तह उत्तीर्ण गरेपछि” भन्नाले निजले स्नातकोत्तर तहका सबै पाठ्यांशहरू (शोधपत्र समेत) उत्तीर्ण गरी ट्रान्सक्रिप्ट प्राप्त गरेको मिति पछि भन्ने सम्झनु पर्दछ ।)

(६) कुनै एक भौगोलिक क्षेत्रमा कम्तिमा दुई सय तेत्तीस दिन रुजु हाजिर नभई सो भौगोलिक क्षेत्रको अङ्क पाइने छैन । दुई सय तेत्तिस दिनभन्दा बढी अवधिको लागि दामासाहीको दरले सोही भौगोलिक क्षेत्रको र सोभन्दा कम अवधिको लागि जुनसुकै भौगोलिक क्षेत्रमा काम गरेको भएपनि उपत्यका भित्रको सरहको अङ्क दिइनेछ ।अध्ययन बिदामा रहेका शिक्षकहरूलाई उपत्यकाभित्र सरहको अङ्क प्रदान गरिनेछ । तेह्रथुम, भोजपुर, जुम्ला, डोटी, डडेलधुरा जिल्ला तथा “उपत्यका बाहिर” का जिल्लामा कार्यरत शिक्षक सोही जिल्लाको रहेछ भने क्याम्पसभन्दा निजको घर कम्तीमा २० किलोमिटर फरकमा हुनुपर्नेछ । २० किलोमिटरभित्र परेमा तेह्रथुम, भोजपुर, जुम्ला, डोटी, डडेलधुरा जिल्लाका लागि उपत्यका बाहिरका लागि तोकिएको अङ्क र उपत्यका बाहिरका लागि उपत्यकाभित्रका लागि तोकिएको अङ्क प्रदान गरिनेछ ।

(७) विश्वविद्यालयको अन्य सेवामा स्थायी भई विश्वविद्यालयको शिक्षण काजमा रही कार्यरत शिक्षकहरूको हकमा उपप्राध्यापक पद वा सोभन्दा माथिको शैक्षिक पदका लागि अङ्क दिने प्रयोजनका लागि अनुभव गणना गर्दा सम्बन्धित विषयमा स्नातकोत्तर तह कम्तीमा द्वितीय श्रेणीमा उतीर्ण गरेको शिक्षण अनुभव देखिको अङ्क दिइने छ ।

(८) विद्यावारिधि/उच्च अध्ययनको मौका प्राप्त गरी अध्ययन बिदामा रही तोकिएअनुसारको अध्ययन पूरा नगरी फर्कने शिक्षकहरूले आयोगवाट प्रकाशित विज्ञापनमा पदोन्नतिका लागि आवेदन प्रस्तुत गरेमा निजले उपभोग गरेको अध्ययन बिदा अवधिको शिक्षण सेवा अनुभव वापतको अङ्क दिने प्रयोजनका लागि सो अध्ययन बिदाको अवधि गणना गरिने छैन ।

(९) उपविनियम (८) मा जुनसुकै कुरा लेखिएको भएतापनि देहायको अवस्थामा अध्ययन बिदा अवधिको सेवा शिक्षण सेवा अनुभव वापतको अङ्क दिइनेछ :

(क) आवेदन दिने समय सम्ममा स्वीकृत अध्ययन बिदा समाप्त भइनसकेको अवस्थामा ।

(ख) विद्यावारिधि शोधार्थीहरूको हकमा विज्ञापन प्रकाशित हुनु भन्दा पहिलेनै शोधपत्र बुझाइ

मूल्याङ्कनको चरणमा रहेको अवस्थामा ।

(ग) अन्य (एम.ए., एम.फिल.) को हकमा, विज्ञापन प्रकाशित हुनुभन्दा अगाडिको मितिसम्ममा स्वीकृत अध्ययन बिदा समाप्त भएको एक वर्ष पुगी नसकेको अवस्थामा ।

विज्ञापन प्रकाशित हुनुभन्दा अगाडिको मिति सम्ममा स्वीकृत अध्ययन बिदा समाप्त भएको एक वर्ष पुगिसकेको अवस्थामा भने अध्ययन बिदामा रही अध्ययन गरेको तहको परीक्षा (शोधपत्रसमेत) उत्तीर्ण गरेको प्रमाण नै पेश गर्नु पर्नेछ ।

# परिच्छेद ९

# शिक्षण सेवामा खुला प्रतियोगिताको सिफारिसका आधार

**१६. खुला प्रतियोगिताको सिफारिसका आधारः** (१) खुला प्रतियोगिता अन्तर्गत देहायका पदमा नियुक्तिको सिफारिसको लागि निर्धारित पूर्णाङ्क देहाय बमोजिम हुनेछ :

| आधार | प्राध्यापक/सहप्राध्यापक | उपप्राध्यापक | सहायक प्राध्यापक |
|---|---|---|---|
| १. शैक्षिक योग्यता | - | २० | ३० |
| २. अनुसन्धान तथा कृति प्रकाशन | ७० | ५० | ४० |
| ३. शिक्षण सेवा अनुभव | २० | १० | - |
| ४. लिखित परीक्षा | - | २०० | ३०० |
| ५. अन्तर्वार्ता | १० | २० | ३० |
| | १०० | ३०० | ४०० |

**१७.** [२२] **खुला प्रतियोगिताको लागि शैक्षिक योग्यताको अङ्क विभाजनः** (१) उपप्राध्यापक पदको निमित्त खुला प्रतियोगिताको अङ्क विभाजन देहाय अनुसार हुनेछ :

| शैक्षिक योग्यता | विशिष्ट/ CGPA : A वा सो सरह (A / A-) | प्रथम/ CGPA : B वा सो सरह (B / B+) | द्वितीय/ CGPA : C वा सो सरह (C) |
|---|---|---|---|
| सम्बन्धित विषयको स्नातकोत्तर | ८ | ७ | ६ |
| सम्बन्धित विषयको एम.फिल वा | ६ | ५ | ४ |
| सम्बन्धित विषयको विद्यावारिधि | १२ | | |

(२) सहायक प्राध्यापक पदको निमित्त अङ्क विभाजन देहाय अनुसार हुनेछ :

| शैक्षिक योग्यता | विशिष्ट/ CGPA : A वा सो सरह (A / A-) | प्रथम/ CGPA : B वा सो सरह (B / B+) | द्वितीय/ CGPA : C वा सो सरह (C) |
|---|---|---|---|
| सम्बन्धित विषयको स्नातकोत्तर | १० | ९ | ७ |
| सम्बन्धित विषयको एम.फिल वा | १० | ९ | ८ |
| सम्बन्धित विषयको विद्यावारिधि | २० | | |

[२२] त्रि.वि. कार्यकारी परिषदको मिति २०७७/१०/४ को बैठकबाट संशोधन

**द्रष्टव्यः** सम्बन्धित विषयको स्नातकोत्तर उपाधि प्राप्त नगरी आवेदित पदसँग सम्बन्धित विषयमा विद्यावारिधि उपाधि प्राप्त गरेको आधारमा आवेदन दिनेहरुको हकमा सम्बन्धित विषयको स्नातकोत्तरको अंक प्रदान गरिने छैन । शैक्षिक उपाधिमा अङ्क दिने प्रयोजनका लागि मात्र चिकित्सा शास्त्र अध्ययन संस्थान अन्तर्गतको सम्बन्धित विषयको DM /MCh उपाधि विद्यावारिधि उपाधि सरह मान्य हुनेछ ।

**१८. अनुसन्धान तथा कृति प्रकाशनको अङ्क विभाजन** : **(१)**[२३] खुला प्रतियोगिताको प्राध्यापक, सहप्राध्यापक, उपप्राध्यापक र सहायक प्राध्यापकको पदमा आवेदन गर्ने उम्मेदवारहरूले अनुसूची ५ र ६ मा भएको व्यवस्था बमोजिम देहायका आधारमा विनियम १६ मा तोकिएको अधिकतम अङ्कसम्म प्राप्त गर्न सक्ने छन् ।

| **क्र.सं.** | **शीर्षक** | **प्राध्यापक/ सहप्राध्यापक अधिकतम अंक** | **उप प्राध्यापक अधिकतम अंक** | **सहायक प्राध्यापक अधिकतम अंक** |
|---|---|---|---|---|
| १. | जर्नलमा प्रकाशित सम्बन्धित विषयको अनुसन्धानात्मक लेख | ६० | ४० | ३० |
| २. | सम्बन्धित विषयको अनुसन्धान ग्रन्थ (प्राध्यापक र सहप्राध्यापकका लागि) | १० | १० | १० |
| | सम्बन्धित विषयको सन्दर्भ ग्रन्थ/ अनुसन्धान ग्रन्थ (उपप्राध्यापक र सहायक प्राध्यापकका लागि) | | | |
| ३. | सम्बन्धित विषयको अनुसन्धानात्मक प्रतिवेदन | ६ | ६ | ६ |

(२) [२४] जर्नलमा प्रकाशित लेखको लागि अनुसूची ५ मा तोकिएको वर्गका आधारमा प्राध्यापक, सह प्राध्यापकको लागि देहाय बमोजिमको अधिकतम ६० अङ्क, आवेदित उपप्राध्यापक पदको लागि अधिकतम ४० अंक र सहायक प्राध्यापकको लागि अधिकतम ३० अंक सम्म प्रदान गर्न सकिनेछ ।

| आवेदित पद | अनुसन्धानात्मक कृति | अङ्क विभाजन | | | | अधिकतम अंक |
|---|---|---|---|---|---|---|
| | | क श्रेणी | ख श्रेणी | ग श्रेणी | घ श्रेणी | |
| प्राध्यापक | प्रति कृति अंक | ४ | २ | १ | ०.५ | ६० |
| | प्रति श्रेणी अधिकतम अंक | ६० | २० | १० | २.५ | |
| सह प्राध्यापक | प्रति कृति अंक | ५ | २.५ | १.५ | १ | ६० |
| | प्रति श्रेणी अधिकतम अंक | ६० | २५ | १५ | ५ | |
| उप प्राध्यापक | प्रति कृति अंक | ६ | ३ | २ | १.५ | ४० |
| | प्रति श्रेणी अधिकतम अंक | ४० | ३० | २० | ७.५ | |
| सहायक प्राध्यपक | प्रति कृति अंक | ६ | ३ | २ | १.५ | ३० |
| | प्रति श्रेणी अधिकतम अंक | ३० | ३० | २० | ७.५ | |

[२३] त्रि.वि. कार्यकारी परिषदको मिति २०७७/१०/४ को बैठकबाट संशोधन

[२४] त्रि.वि. कार्यकारी परिषदको मिति २०७७/१०/४ को बैठकबाट संशोधन

द्रष्टव्यः पेश गर्न सकिने अधिकतम कृति संख्याः आवश्यक भन्दा ५० प्रतिशत थप

(३) उपविनियम (१) बमोजमको अङ्क प्रदान गर्दा अनुसूची ५ का आधारमा जर्नलको श्रेणी विभाजन गरी जुन श्रेणीमा पर्ने जर्नल हो, सोही अनुसार कृति मूल्यांकन समितिले उपविनियम (२) मा उल्लेख भए अनुसारको प्रति लेखका दरले अङ्क प्रदान गर्नेछ ।

(४) प्रति सन्दर्भ ग्रन्थ र अनुसन्धान ग्रन्थको लागि २ अङ्कका दरले बढीमा १० अङ्कसम्म र अनुसन्धान प्रतिवेदनको लागि प्रति अंक २ का दरले बढीमा ६ अंकसम्म प्रदान गर्न सकिनेछ । मूल्यांकनको लागि अनुसूची ६ बमोजिमको मूल्याङ्कन फाराम प्रयोग गरिनेछ ।

(५) उपविनियम (१), (२), (३) र (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि उम्मेदवारहरूलाई देहायको अवस्थामा मात्र अनुसन्धान तथा कृति मूल्याङ्कनको अङ्क प्रदान गरिनेछ ।

(क)[२५] ISBN नभएका पुस्तक/ सबै प्रकारका ग्रन्थ र ISSN नभएको जर्नलको मुल्याङ्कन गरिने छैन । विज्ञापन हुनुभन्दा अघि नै ISBN / ISSN लिई प्रकाशित भएको हुनुपर्नेछ । प्रत्येक कृतिको छुट्टाछुट्टै ISBN उल्लेख भएको हुनपर्नेछ । त्रि.वि. केन्द्रीय पुस्तकालयबाट ISBN प्राप्त गरेपश्चात् पुस्तक त्रि.वि. केन्द्रीय पुस्तकालयमा अनिवार्य बुझाउनुपर्ने व्यस्था रहेको हुँदा नेपालबाट प्रकाशित पुस्तक/सबै प्रकारको ग्रन्थको ISBN लिएको मिति र दुई प्रति पुस्तक त्रि.वि. केन्द्रीय पुस्तकालयमा बुझएको सम्बन्धमा त्रि.वि. केन्द्रीय पुस्तकालयबाट प्रमाणित गराई पेश गर्नुपर्नेछ ।

(ख) समाचार पत्रहरूमा छापिएका लेखहरूको मूल्याङ्कन गरिने छैन । साथै सम्पादन कार्य, अनुवाद कार्य, गाइड तथा संकलन कार्य मात्र भएका कृतिहरू तथा एब्स्ट्रयाक्टको मूल्याङ्कन गरिने छैन ।

(ग) विज्ञापन प्रकाशित भई सकेपछि प्रकाशित भएका अनुसन्धान तथा कृति प्रकाशन एवं शोध निर्देशन कार्यको मूल्याङ्कन गरिने छैन ।

(घ)[२६] बहु लेखकको नाममा प्रकाशित कृतिको मूल्याङ्कन गर्दा Principal Author भई प्रकाशित कृतिको मूल्याङ्कित पूरा अङ्क, Corresponding Author उल्लेख भएमा निजलाई ७० प्रतिशत र अन्यलाई मूल्यांकित अंक दामासाहीमा प्रदान गरिनेछ ।

(ङ) विद्यावारिधि (पी.एच.डी.) को शोधपत्र पुस्तकको रूपमा प्रकाशित भए पनि सो पुस्तकको कुनै अङ्क दिइने छैन ।

(च) अनुसन्धान केन्द्रमा कार्यरत शिक्षकहरूले अनुसन्धान वापत छुट्याइएको अङ्क प्राप्त गर्न आफू कार्यरत अनुसन्धान केन्द्रबाहेक अन्य क्षेत्रबाट गरेको अनुसन्धान प्रतिवेदन मात्र पेश गर्न सकिनेछ ।

(छ)[२७] अनुसन्धान प्रतिवेदनका साथमा अनुसन्धान गराउने संस्थाको अनुसन्धान पूरा भएको मिति तथा उक्त अनुसन्धान प्रतिवेदन मूल्याङ्कन भई स्वीकृत भएको भन्ने विवरणसहितको आधिकारिक पत्र सक्कल नै अनुसन्धान प्रतिवेदनमा नै संलग्न भएको हुनु पर्ने छ । यस्तो आधिकारिक पत्र संलग्न नभएको अनुसन्धान प्रतिवेदनको मूल्याङ्कन गरिने छैन । शैक्षिक उपाधि र अध्ययन भ्रमणका लागि प्राप्त शोधवृत्ति वापतको प्रतिदन तथा परामर्श सेवाको प्रतिवेदन मूल्यांकन गरिने छैन । अनुसन्धान

[२५] त्रि.वि. कार्यकारी परिषदको मिति २०७७/१०/४ को बैठकबाट संशोधन
[२६] त्रि.वि. कार्यकारी परिषदको मिति २०७७/१०/४ को बैठकबाट संशोधन
[२७] त्रि.वि. कार्यकारी परिषदको मिति २०७७/१०/४ को बैठकबाट संशोधन

प्रतिवेदनलाई पुस्तक वा जर्नलमा लेखको रुपमा प्रकाशित गरिएको भए कुनै एक वर्गमा मात्र पेश गर्न सकिने छ ।

(ज)[२८] उम्मेदवारले आवेदन फाराम सँगै पेश गर्न ल्याएका अनुसन्धानात्मक र अन्य कृतिहरूको सूची आवेदन फारामका साथै तोकिए बमोजिमको ढाँचामा समेत उल्लेख गरी पेश गर्नु पर्ने छ। उम्मेदवारले पेश गरेका पुस्तक तथा अनुसन्धान कृतिहरुको सूचि कृति मूल्यांकन गर्नुपुर्व नै सम्बन्धित सबैको जानकारीका लागि सार्वजनिक गरिने र कसैलाई चित्त नबुझेको। अवस्थामा निश्चित समयावधि भित्र कारण खोली निवेदन दिन सकिने व्यवस्था आयोगले मिलाउने छ।

(झ) उम्मेदवारले आफैले प्रकाशन गरेको लेख वा पुस्तकबाट सन्दर्भ उद्धृत नगरी अर्को लेखमा २ अनुच्छेद भन्दा बढी हुनेगरी कुनै पाठ्यांश जस्ताको तस्तै उद्धृत गरेको रहेछ भने त्यस्तो कृति मूल्याङ्कन गरिने छैन ।

(ञ) जर्नलको एक अङ्क (Volume) बाट एक उम्मेदवारको एउटा लेख मात्र मूल्याङ्कन हुनेछ ।

(ट) पुस्तकमा स्पष्ट रुपमा प्रथम संस्करण मिति उल्लेख भएको हुनु पर्नेछ। प्रथम संस्करण उल्लेख नगरी संस्करण मात्र लेखिएका पुस्तकहरूमूल्याङ्कनमा पर्ने छैनन्। साथै पुस्तकमा प्रकाशकको सम्पर्क गर्न मिल्ने ठेगाना उल्लेख भएको हुनु पर्नेछ।

(ठ)[२९] एउटै अनुसन्धान लेख/प्रतिवेदन पुस्तक, लेखको रुपमा जसरी प्रकाशन भएपनि कुनै एक प्रकाशनको मात्र मुल्याँकन गरिने छ।

(ड)[३०] अंग्रेजी र नेपाली भाषा बाहेक अन्य भाषामा प्रकाशित कृतिहरु (भाषा विषयमा सोही भाषामा लेखिएका बाहेक) अंग्रेजी वा नेपाली भाषामा उल्था गरी पेश गर्नुपर्नेछ । अन्यथा त्यस्ता कृति मूल्यांकन गरिने छैन ।

(ढ)[३१] ललितकला, संगीत आदि विषयमा सम्बन्धित व्यक्तिले सिर्जना गरेको कला/संगीत आदि कार्यको मूल्याङ्कन आयोगले विशेषज्ञ समेत रहेको मूल्याङ्कन समितिबाट गराउनेछ। यस प्रयोजनका निमित्त अनुसन्धान तथा कृति प्रकाशनको अंक विभाजनमा छुट्याइएको वर्गीकरणमा एक वर्गीकरण थप गरी अधिकतम ६ अंक हुनेगरी सिर्जनाको मूल्यांकन हुनेछ । विशेषज्ञले सबै सिर्जनाको अध्ययन गरेर पूर्णांक ६ मा एकमुष्ट अंक प्रदान गर्नेछन् ।

**१९.कृति मूल्याङ्कन सम्बन्धी व्यवस्था :** (१) अनुसन्धान तथा कृति मूल्याङ्कन गराउँदा आयोगले सम्बन्धित विषयका कम्तीमा दुई जना विशेषज्ञहरू रहेको समिति गठन गर्नेछ। समितिले अनुसूची ५ को आधारमा जर्नलको श्रेणी निर्धारण गरी प्रत्येक उम्मेदवारले प्राप्त गर्ने अङ्क प्रदान गर्नेछ।

(२) उम्मेदवारले पेश गरेका पुस्तक तथा अनुसन्धान ग्रन्थको मूल्याङ्कन गर्न अनुसूची ६ बमोजिमको फारम प्रयोग गरी उपविनियम (१) बमोजिमको समितिले मूल्याङ्कन गर्नेछ।

(३)[३२] उम्मेदवारसँग सह लेखक भई कृति प्रकाशन गरेको कुनै व्यक्ति कृति मूल्याङ्कनको लागि विशेषज्ञको रूपमा रहन योग्य हुने छैन। तर कुनै विषयमा सहलेखक बाहेकको विशेषज्ञ उपलब्ध हुन नसक्ने अवस्था भएमा निकटतम विषयका विशेषज्ञबाट कृति मूल्यांकन गराइने छ। निकटतम

---

[२८] त्रि.वि. कार्यकारी परिषदको मिति २०७७/१०/४ को बैठकबाट संशोधन

[२९] त्रि.वि. कार्यकारी परिषदको मिति २०७७/१०/४ को बैठकबाट संशोधन

[३०] त्रि.वि. कार्यकारी परिषदको मिति २०७७/१०/४ को बैठकबाट संशोधन

[३१] त्रि.वि. कार्यकारी परिषदको मिति २०७७/१०/४ को बैठकबाट थप

[३२] त्रि.वि. कार्यकारी परिषदको मिति २०७७/१०/४ को बैठकबाट संशोधन

विषयका विशेषज्ञ समेत उपलब्ध नहुने अवस्थामा दुईजना विशेषज्ञले संयुक्त रुपमा कृतिको अंक प्रदान र्गे गरी सह लेखकलाई पनि कृति मूल्यांकनमा सहभागी गराउन सकिने छ ।

(४)[३३] कृति मूल्यांकन गर्नुपुर्व उम्मेदवारले पेश गरेका पुस्तक तथा अनुसन्धान कृतिहरुका सम्बन्धमा प्राप्त उजुरीसमेतका आधारमा कृतिहरु मूल्यांकन हुन योग्य छन् छैनन्, कृतिसाथ पेश गरेका आधारहरु र प्रमाणहरु पर्याप्त छन् छैनन् राष्ट्रिय तथा अन्तराष्ट्रिय जर्नलहरु Peer Reviewed हुन् होइनन्, उक्त जर्नलहरु SCImago Journal वा Impact factor Rated Journal हुन् होइनन्, पेश भएका जर्नलहरु कुन श्रेणीका हुन् भन्ने लगायतका विषयमा विशेषज्ञहरु सम्मिलित संयन्त्र समितिबाट यकीन भएपछि मात्र उम्मेदवारले पेश गरेका पुस्तक तथा अनुसन्धान कृतिहरुको मूल्यांकन प्रकृया अगाडि बढाइने छ । यस प्रयोजनका लागि आवश्यक प्रकृया आयोगले आफैं तोक्ने छ ।

(५)[३४] विज्ञापन प्रकाशन हुनुभन्दा अघि प्रकाशन भएका कृतिहरुलाई मात्र मुल्याँकनमा समावेश गरिनेछ ।

**२०. शिक्षण सेवा वापतको अङ्क विभाजन :** (१)[३५] प्राध्यापक र सहप्राध्यापकका लागि शिक्षण सेवा अनुभव वापतको अङ्क विभाजन गर्दा उम्मेदवारले अध्यापन वा अनुसन्धान गरेको विश्वविद्यालय वा शैक्षिक संस्थाको आवेदन दिंदाको बखतको दर्जा (Rank) को आधारमा सो विश्वविद्यालय वा शैक्षिक संस्थामा पूर्णकालीन रुपमा काम गरेको प्रतिवर्ष देहाय बमोजिम अङ्क प्रदान गरिनेछः

| | **विश्वविद्यालयको दर्जा** | | |
|---|---|---|---|
| **आवेदित पद** | **१-५०० सम्म** | **५०१-१००० सम्म** | **१००१ भन्दा माथि** र Ranking मा नपरेका |
| **प्राध्यापक** | **२** | **१.७५** | **१** |
| **सहप्राध्यापक** | **३** | **२.५** | **१** |

(२) विश्वविद्यालय अनुदान आयोगले निर्णय गरेको संस्थाले गरेको दर्जा गणनालाई नै आधिकारिक दर्जा गणना मानिनेछ । सो निर्णय नहुँदासम्म Times Higher Education World University Ranking लाई आधार मानी मूल्याङ्कन गरिनेछ ।

(३)[३६] विश्वविद्यालयको उप प्राध्यापक पदमा आवेदन दिने उम्मेदवारले विश्वविद्यालयको आङ्गिक क्याम्पसहरुमा सम्बन्धित विषयमा अटुट रुपमा करार सेवामा कार्यरत रहेको भए प्रति वर्ष १ अङ्कका दरले बढीमा १० अङ्क र विश्वविद्यालयको आङ्गिक क्याम्पसहरुमा कम्तिमा हप्तामा ६ पिरियड लिई आंशिक शिक्षक भई अटुट रुपमा कार्यरत रहेको भए प्रति वर्ष ०.५ का दरले बढीमा ५ अङ्क प्रदान गरिनेछ । यसरी आंशिक शिक्षकको रुपमा काम गरेको कुरा सम्बन्धित लेखा शाखा र प्रशासन शाखाबाट प्रमाणित गराई पेश गर्नु पर्नेछ ।

## परिच्छेद १०

## लिखित परीक्षाको नतिजा प्रकाशन

**२१. लिखित परीक्षाको नतिजा :** (१) उम्मेदवारहरूले प्राप्त गरेको बढी प्राप्ताङ्कको आधारमा

[३३] त्रि.वि. कार्यकारी परिषदको मिति २०७७/१०/४ को बैठकबाट थप

[३४] त्रि.वि. कार्यकारी परिषदको मिति २०७७/१०/४ को बैठकबाट थप

[३५] त्रि.वि. कार्यकारी परिषदको मिति २०७७/१०/४ को बैठकबाट संशोधन

[३६] त्रि.वि. कार्यकारी परिषदको मिति २०७७/१०/४ को बैठकबाट संशोधन

योग्यताक्रम सूची निर्धारण गरी अन्तरवार्ताका लागि लिखित परीक्षाको नतिजा प्रकाशित गरिनेछ । योग्य उम्मेदवारहरूको नामावली प्रकाशित गर्दा रिक्त माग पद सङ्ख्यामा पचास प्रतिशत थप गरी प्रकाशित गरिनेछ । पचास प्रतिशत थप गर्दा सङ्ख्या दशमलवमा आएमा माथिल्लो पूर्ण अङ्क लिइने छ । माग सङ्ख्या एक भएमा तीनजना सम्मको नाम प्रकाशित गर्न सकिनेछ । [३७]लिखित परीक्षाको उत्तीर्णाङ्क ५० प्रतिशत हुनेछ ।

(२) अन्तरवार्ताका लागि लिखित परीक्षाको नतिजा प्रकाशित गर्ने क्रममा योग्यताक्रममा रहेका उम्मेदवारहरूमध्येबाट उपविनियम (१)मा व्यवस्था भए अनुरूपको सङ्ख्यामा उम्मेदवारहरूको छनौट गर्दा योग्यताक्रममा परेको अन्तिम प्राप्ताङ्क एक भन्दा बढी उम्मेदवारहरूको समान रहेछ भने उपविनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि योग्यताक्रममा परेका अन्तिम प्राप्ताङ्क समान भएका सबै उम्मेदवारहरूलाई नतिजामा समावेश गराइने छ ।

(३) नतिजा प्रकाशित गर्दा समान श्रेणीको अथवासो भन्दा माथिल्लोश्रेणी वा पदमा पहिले नै सिफारिस भई सकेको भए लिखित परीक्षाको नतिजाबाट तथा लिखित परीक्षाको नतिजा प्रकाशित भई अन्तर्वार्ता मात्र बाँकी रहेको भए अन्तर्वार्ता सूचीबाट त्यस्ता उम्मेदवारको नाम हटाइने छ । तल्लो श्रेणीको पदमा सिफारिस भएको भए माथिल्लो श्रेणी वा पदमा प्रतिस्पर्धा गर्न रोक लगाइने छैन ।

(४) समान स्तरका विभिन्न पदका लागि एउटै समयमा भएको भिन्दा भिन्दै विज्ञापन वा एउटै विज्ञापन अन्तर्गतकै विभिन्न पदको परीक्षाको नतिजा प्रकाशित गर्नु परेमा पहिलेको नतिजाको नामावलीमा परेकामध्ये जतिजना उम्मेदवारको नाम त्यसपछि हुने अर्को पदको नतिजामा समावेश छ त्यतिकै सङ्ख्यामा थप उम्मेदवारहरूको नाम समावेश गरी पछिल्लो नतिजा प्रकाशित गर्ने व्यवस्था हुनेछ । तर उपविनियम (२) मा भएको व्यवस्था अनुरूप पहिले नै यस विनियममा भएको व्यवस्था अनुरूपको सङ्ख्यामा उम्मेदवारहरूको नाम थप भई सकेको रहेछ भने अरु थप नाम समावेश गरिने छैन ।

(५) विभिन्न पदहरूका निमित्त समावेशी आधारमा पूर्ति गर्ने गरी भएको विज्ञापनको एउटै पदको लिखित परीक्षाको नतिजा प्रकाशित गर्दा सवैभन्दा पहिले खुलातर्फको नतिजा प्रकाशित गरिने र त्यसपछि समावेशीतर्फ सिफारिस हुने उम्मेदवारको नामावली प्रकाशित गरिने छ । यसअन्तर्गत सर्वप्रथम पिछडिएको क्षेत्रका उम्मेदवारहरूको नामावली प्रकाशित गरी त्यसपछि क्रमशः अपाङ्ग, दलित, मधेशी, आदिवासी/जनजाति र महिला वर्ग समूहका उम्मेदवारहरूको नामावली उपविनियम (१)मा भएको व्यवस्था अनुसार नाम थप गरेर प्रकाशित गर्ने व्यवस्था गरिनेछ ।

(६) [३८] लिखित परीक्षा र उत्तरपुस्तिका मूल्यांकनसम्बन्धी व्यवस्था

(क) आयोगद्वारा लिइने प्रतियोगितात्मक लिखित परीक्षा आयोगले निर्धारण गरेको मिति, समय र स्थानमा हुने छ ।

(ख) त्रि.वि. शिक्षक कर्मचारी सेवासम्बन्धी नियम २०५० को नियम ९६ मा व्यवस्था भए अनुसार लिखित परीक्षासम्बन्धी पाठ्यक्रम तोक्ने अधिकार सेवा आयोगलाई हुनेछ ।

(ग) लिखित परीक्षाका सबै उत्तर पुस्तिकाहरु मूल्यांकनमा पठाउनुपूर्व दोहोरो संकेत पद्धति (Double Coding System) अबलम्बन गरिने छ । कोडिङ तथा कोडिङका लागि नेपाल सरकार लोकसेवा आयोगको सहयोग लिइने छ । कोडिङ पछि सबै अर्धकट्टीहरु खाममा सिलबन्दी

---

[३७] त्रि.वि. कार्यकारी परिषदको मिति २०७५/८/२७ को बैठकबाट थप

[३८] त्रि.वि. कार्यकारी परिषदको मिति २०७७/१०/४ को बैठकबाट संशोधन

गरी कोडिङ कार्यमा संलग्न सबैको हस्ताक्षर गराई उनीहरुकै रोहवरमा मात्र खोल्न सकिने गरी दराजमा सुरक्षित राखिने छ ।

(घ) विषयगत हरेक उत्तर पुस्तिकाको मूल्यांकन दुई जना विशेषज्ञबाट गराई औसत अंक कायम गरिने छ । दुबै जना विशेषज्ञले दिएको कूल अंकमा आयोगले तोकेको प्रतिशतभन्दा बढीको फरक परेमा फरक परेका उत्तर पुस्तिकाहरु तेस्रो विशेषज्ञबाट परीक्षण गराई तीनै जनाको औसत अंकलाई प्राप्तांक मानिने छ । दोहोरो परीक्षण गराइएका उत्तर पुस्तिकाको संपरीक्षण गराइने छैन ।

(ङ) लिखित परीक्षामा प्रत्येक पत्रमा ५० प्रतिशत अंक प्राप्त गरेका उमेद्वारहरु मात्र योग्यताक्रम सूचिमा पर्नेछन् । यसरी योग्यताक्रम सूचिमा परेका उमेद्वारहरुमध्येबाट विनियममा भएको व्यवस्था अनुसार तोकिएको संख्यामा नाम समावेश गरी वर्णानुक्रम अनुसार लिखित परीक्षाको नतीजा प्रकाशित गरिने छ ।

**२२. पुनर्योग :** (१) आयोगले सञ्चालन गरेको लिखित परीक्षाको नतिजा प्रकाशन भएपछि कुनै उम्मेदवारले आफ्नो लिखित परीक्षाको कुनै वा सबै पत्रको पुनर्योग गरी पाऊँ भनी पुनर्योग गर्नु पर्ने पत्र उल्लेख गरी सो पदका लागि तोकिएको परीक्षा दस्तुरको आधा दस्तुर संलग्न गरी लिखित परीक्षाको नतिजा प्रकाशन भएको सात दिनभित्र आयोगको कार्यालयमा निवेदन दिन सक्नेछ ।

(२) उपविनियम (१) बमोजिम निवेदन पर्न आएमा आयोगको कार्यालय प्रमुखले आयोगको बैठकमा पेश गरी लिखित परीक्षाको प्राप्ताङ्कको पुनर्योग गरी निवेदकलाई सोको नतिजा जानकारी गराउनु पर्नेछ ।

(३) उपविनियम (२) बमोजिम पुनर्योग गर्दा निवेदकको नाम लिखित परीक्षाको नतिजामा समावेश गर्नु पर्ने देखिएमा विनियम ३० को उपविनियम (१) बमोजिमको नतिजामा समावेश गरिनेछ ।

## परिच्छेद ११

## कार्य सम्पादनको मूल्याङ्कन

**२३. कार्य सम्पादन मूल्याङ्कन सम्बन्धी व्यवस्था :** (१)[३९] कार्यसम्पादन मूल्याङ्कन वार्षिक रुपमा गरिने छ । कार्यसम्पादन मूल्याङ्कनको प्रयोजनको निमित्त अङ्क गणना गर्दा आन्तरिक प्रतियोगिताको लागि प्राध्यापकको आवेदन दिनेका लागि पछिल्लो तीन र अन्यको लागि पछिल्लो चार आर्थिक वर्षको कार्य सम्पादन मूल्याङ्कन फारामको औसतबाट हिसाब गरिनेछ । यो व्यवस्था आ.व. २०७७/०७८ र त्यसपछि भरेको कार्यसम्पादन मूल्याङ्कनमा लागू हुनेछ । आ.व. २०७७/०७८ पछि भरेको कार्यसम्पादन मूल्याङ्कनको संख्या माथि उल्लेख गरेको संख्याभन्दा कम भएमा आवेदन गर्ने म्यादसम्म भरेको कार्यसम्पादन मूल्याङ्कनहरूमा जति अङ्क पाएको छ सोही अनुपातमा नै अङ्क गणना गरिनेछ । कुनै शिक्षकले कुनै आ.व. को कार्यसम्पादन मूल्याङ्कन फाराम भरेर नबुझाएको भएमा त्यस्तो शिक्षकलाई सो आ.व. को लागि पचास प्रतिशत अंक कायम गरी सोही आधारमा अनुपात निकाली हिसाब गरिनेछ ।

(२) उपविनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि अध्ययन वा तालिममा गएको वा निलम्बन भई निलम्बन फुकुवा भएकोमा निलम्बन अवधिको कार्यसम्पादन मूल्याङ्कन बापत त्यस्तो अध्ययन वा तालिममा जानुभन्दा वा निलम्बन हुनुभन्दा तत्काल अघिको कार्यसम्पादन मूल्याङ्कन भएमा सोही वर्षको र त्यस्तो कार्यसम्पादन मूल्याङ्कन नभएमा हाजिर भएपछि भरेको कार्यसम्पादन

[३९] त्रि.वि. कार्यकारी परिषदको मिति २०७९/९/११ को बैठकबाट संशोधन

मूल्याङ्कनमा जति अङ्क पाएको छ सोही अनुपातमा नै अङ्क गणना गरिनेछ ।

**२४ कार्यसम्पादनको मूल्याङ्कन गराउने :** कार्यसम्पादनको मूल्याङ्कन गर्न क्याम्पस/विभागमा कार्यरत शिक्षण कार्यमा संलग्न शिक्षकहरूको लागि अनुसूची ७, अनुसन्धान केन्द्र लागयतका निकायमा अनुसन्धान कार्यमा संलग्न शिक्षकहरूको लागि अनुसूची ८ र पदाधिकारीको पदमा कार्यरत शिक्षकहरूको हकमा अनुसूची ९ बमोजिमको कार्यसम्पादन मूल्याङ्कन फाराम प्रयोग गरिनेछ ।

**२५ मूल्याङ्कनकर्ता अधिकारी :** (१)[४०] शिक्षकको कार्यसम्पादन मूल्याङ्कन अनुसूची ७, ८ र ९ मा उल्लेख भए बमोजिमको फाराममा निज कार्यरत रहेको क्याम्पसको हकमा क्याम्पस प्रमुख, अनुसन्धान केन्द्रहरूको हकमा कार्यकारी निर्देशक, केन्द्रीय विभागका शिक्षकहरूको हकमा केन्द्रीय विभागका प्रमुख र अन्य निकायहरूमा कार्यरत शिक्षकहरूको हकमा सम्बन्धित निकाय प्रमुखले गर्नेछ । क्याम्पस प्रमुख र केन्द्रीय विभागका प्रमुखहरूको मूल्याङ्कन सम्बन्धित डीनले गर्नेछ । तर कुनै शिक्षक विश्वविद्यालय बाहिर काजमा रहेको भए काजमा रहेको कार्यालयको सम्बन्धित प्रमुखको लिखित राय लिई शिक्षाध्यक्षबाट निजको कार्यसम्पादन मूल्याङ्कन गरिनेछ । रजिष्ट्रार उमेद्वार हुन मिल्ने भएमा मूल्याङ्कनकर्ता शिक्षाध्यक्ष हुनेछ । शिक्षाध्यक्ष आफैं उमेद्वार हुन मिल्ने भएमा मूल्याङ्कनकर्ता उपकुलपति हुनेछ । कुनै पनि पदाधिकारीले आफ्नो विषयका समान पदका शिक्षकको मूल्याङ्कन/ पुनरावलोकन एक तह माथिको पदाधिकारीबाट गराउनु पर्नेछ ।

यस प्रयोजनका लागि एक तह माथिको पदाधिकारी भन्नाले क्याम्पस प्रमुख/केन्द्रीय विभागका प्रमुखको हकमा डीन, डीनको हकमा शिक्षाध्यक्ष र शिक्षाध्यक्षको हकमा उपकुलपति हुनेछ ।

(२) शिक्षकको कार्यसम्पादन मूल्यांकनको पुनरावलोकन शिक्षाध्यक्षबाट हुनेछ । तर शिक्षाध्यक्षबाट कार्यसम्पादन मूल्यांकन भएको अवस्थामा त्यसको पुनरावलोकन उपकुलपतिबाट हुनेछ ।

(३)[४१] कार्य सम्पादन गराउने सम्बन्धी कार्यविधि देहाय बमोजिम हुनेछ :

(क) आ.व. २०७७/०७८ मा फाराम भर्न छुटेका र आ.व. २०७८/०७९ मा फाराम भर्नुपर्ने शिक्षकहरूले २०७९ पौष मसान्तभित्र तथा आ.व. २०७९/०८० पछि हरेक शिक्षकले हरेक आ.व. सकिएको एक महिनाभित्र अनुसूचिमा तोकिएको ढांचामा दुईप्रति फाराम भरी सुपरिवेक्षकसमक्ष पेस गर्नुपर्नेछ । यसरी पेस गर्दा हरेक फाराम ४"x९" को साइजको खाममा राखी स्टापलर मात्र लगाई पेस गर्नुपर्नेछ । खाम बाहिर शिक्षकको नाम, संकेत नं, आ.व., पद, सेवा, समुह, श्रेणी, विषय कार्यालय, फोन नं लेख्नुपर्नेछ ।

(ख) सुपरिवेक्षकले त्यसरी पेस भएको मूल्याङ्कन फाराम एक महिनाभित्र मूल्याङ्कन गरी पुनराबलोकनकर्ता (शिक्षाध्यक्ष) समक्ष पेस गर्नुपर्नेछ । यसरी पेस गर्दा शिक्षकहरूको नाम, पद, विषय, संकेत नंबरको सूची बनाई ठूलो खाममा बन्द गरी ठूलो खाम बाहिर शिक्षकहरूको कार्यसम्पादन फाराम, आ.व. र कार्यालयको नाम समेत लेखी पेस गर्नुपर्नेछ ।

(ग) पुनरावलोकनकर्ताले मूल्याङ्कन फाराम प्राप्त भएको दुई महिनाभित्र गोप्य रुपमा मूल्याङ्कन गरी सिलबन्दी गरी एक प्रति त्रि.वि. सेवा आयोग र एक प्रति कर्मचारी प्रशासन महाशाखामा पठाउनु पर्नेछ ।

[४०] त्रि.वि. कार्यकारी परिषदको मिति २०७९/९/११ को बैठकबाट संशोधन

[४१] त्रि.वि. कार्यकारी परिषदको मिति २०७९/९/११ को बैठकबाट संशोधन

(घ) वैदेशिक तालिम, गोष्ठी वा अध्ययन भ्रमण आदिमा काजमा गएका शिक्षकको पनि आधिकारिक इमेलबाट फाराम मगाई भर्न सकिनेछ ।

(ङ) समयमा कार्यसम्पादन फारम नबुझाउने शिक्षकहरूको पछि मूल्याङ्कन गरिने छैन । मनासिव कारणले कार्यसम्पादन मूल्याङ्कन फाराम भर्न छुटेका शिक्षकको फाराम भरी दुई महिना पछि सम्म पठाउन सकिनेछ ।

(च) कार्य सम्पादन मूल्याङ्कन तोकेको मितिभित्र प्राप्त नभए पचास प्रतिशत अंक प्रदान गरिनेछ । तर तोकिएको पदाधिकारी बाहेक अन्य पदाधिकारीबाट कार्यसम्पादन मूल्याङ्कन गराइएको पाइएमा ० (शून्य) अङ्क प्रदान गरिनेछ । यस्तो मूल्याङ्कनमा पुनरावलोकनको व्यवस्था रहने छैन ।

(छ) शिक्षकले पेश गरेको फाराम समयमा मूल्याङ्कन नगर्ने पदाधिकारीलाई विभागीय सजाय हुनेछ ।

(४)[४२] पुनरावलोकनकर्ताले दिएको अंक अन्तिम हुने छ ।

## परिच्छेद १२
## अन्तर्वार्ता सम्बन्धी व्यवस्था

**२६. अन्तर्वार्ता** :(१) आयोगको विज्ञापन बमोजिम सबै पदको लागि अन्तरवार्ता अनिवार्य हुनेछ ।
(२)[४३] अन्तरवार्ता सम्बन्धी सूचना प्रतियोगिता हुने दिनभन्दा कम्तीमा पन्ध्र दिन अगाडि राष्ट्रिय स्तरको पत्रपत्रिकामा संक्षिप्त सूचना र सेवा आयोगको वेवसाइट वा राष्ट्रिय स्तरको पत्रपत्रिका वा दुवैमा विस्तृत सूचना प्रकाशित गर्नुपर्नेछ ।
(३)[४४] प्राध्यापक र सहप्राध्यापक पदको अन्तर्वार्तामा आयोगका अध्यक्ष, कम्तिमा एकजना सदस्य र न्यूनतम ३ जना विशेषज्ञहरू र उपप्राध्यापक र सोभन्दा तल्ला पदको अन्तर्वार्तामा आयोगका अध्यक्ष, कम्तिमा एकजना सदस्य र न्यूनतम २ जना विशेषज्ञहरू नभई अन्तर्वार्ता गरिने छैन ।

(४) अन्तरवार्ताको लागि अङ्क विभाजन गर्दा आयोगको अध्यक्ष र सदस्यको लागि बीस प्रतिशत एवं विशेषज्ञको लागि असी प्रतिशत अङ्कगरी विभाजन गरिनेछ ।

**२७. विशेषज्ञ सम्बन्धी व्यवस्था :** (१)[४५] प्राज्ञिक परिषद्को निर्णयानुसार रोष्टरमा रहेका विशेषज्ञहरुमध्येबाट आयोगले विशेषज्ञ तोक्ने छ । रोष्टरमा भएका विशेषज्ञहरु उपलब्ध हुन नसकेमा आयोगले निर्णय गरी आवश्यकतानुसार अन्य विशेषज्ञ तोक्न सक्नेछ । अन्तरवार्तामा विज्ञ छनौट गर्दा पाइएसम्म सम्बन्धित क्षेत्रका वरिष्टतम व्यक्तिहरुलाई प्राथमिकताको सूचीमा राखेर छनौट गरिनेछ। सम्बन्धित विषयको विज्ञ उपलब्ध हुन नसकेको अवस्थामा आयोगले निर्णय गरी एकजनासम्म विज्ञ निकटतम विषयको विज्ञलाई तोक्न सक्नेछ । साथै आवश्यकता अनुसार आयोगले निर्णय गरी शैक्षिक पदहरुको अन्तरवार्ताको लागि विदेशी विशेषज्ञ समेत तोक्न सक्नेछ । अवस्था हेरी सेवा आयोगले दुरविधि (अनलाइन) बाट समेत अन्तरवार्ता लिने व्यवस्था मिलाउन

[४२] त्रि.वि. कार्यकारी परिषदको मिति २०७७/१०/४ को बैठकबाट थप
[४३] त्रि.वि. कार्यकारी परिषदको मिति २०७८/९/२५ को बैठकबाट संशोधन
[४४] त्रि.वि. कार्यकारी परिषदको मिति २०७७/१०/४ को बैठकबाट संशोधन
[४५] त्रि.वि. कार्यकारी परिषदको मिति २०७८/९/२५ को बैठकबाट संशोधन

सक्नेछ । अनलाइन अन्तरवार्ता पछि अन्तर्वार्तामा संलग्न अध्यक्ष, सदस्य एवं विशेषज्ञले उम्मेदवारहरुको प्राप्ताङ्क तत्काल सेवा आयोगलाई उपलब्ध गराउनु पर्नेछ ।

(२) उपप्राध्यापक वा सो सरह र सो भन्दा माथिका पदको अन्तर्वार्तामा विशेषज्ञ नियुक्त गर्दा कम्तीमा एकजना विषय विज्ञ विश्वविद्यालय सेवामा बहालमा नरहेका व्यक्तिलाई नियुक्त गर्नु पर्नेछ । विश्वविद्यालय सेवामा बहालमा नरहेका विशेषज्ञ नपाइएमा सम्बन्धित विषयका विशेषज्ञहरुलाई आयोगले नियुक्ति गरी कार्य गराउन सक्नेछ ।

(३) अन्तर्वार्तामा बस्ने अध्यक्ष, सदस्य तथा विशेषज्ञहरूको पति, पत्नी, छोरा, छोरी, दाजु, भाइ, नाति, नातिनी, दिदी, बहिनी, काका, काकी, मामा, माइज्यू, फुपू, फुपाजु, भाउजू, बुहारी, नन्द, अमाज्यू, देवर, जेठाजु, भिनाजु, ज्वाइँ, भाञ्जा, भाञ्जी, साला, साली, भतिजा, भतिजी, मामाको छोरा-छोरी, फूपूको छोरा-छोरी मध्ये कुनै नाता पर्ने भएमा त्यस्तो नाता पर्ने व्यक्ति वा पदाधिकारी सो पदको कुनै पनि दिनको अन्तर्वार्तामा विशेषज्ञको रूपमा नियुक्त हुन सक्नेछैनन् ।

(४) प्रत्येक अन्तर्वार्ताकर्तालाई अन्तर्वार्ता हुने पदको उम्मेदवारको व्यक्तिगत विवरण एक एक प्रति अनिवार्य रुपले उपलब्ध गराउनु पर्नेछ ।

(५) आयोगका अध्यक्ष, सदस्यहरू वा विषय विशेषज्ञले उम्मेदवारलाई अन्तर्वार्ताको पूर्णाङ्कको ७० प्रतिशत भन्दा बढी वा ४० प्रतिशतभन्दा घटी अङ्क दिनु परेमा सो को कारण खुलाउनु पर्नेछ । यसरी कारण नखुलाई अधिकतम भन्दा बढी वा न्युनतमभन्दा घटी अंक दिएकोमा बढीमा ७० प्रतिशत र घटीमा ४० प्रतिशत नै अंक दिएको मानी गणना गरिनेछ । साथै कारण खोलेर पूर्णाङ्कको ७० प्रतिशत भन्दा बढी र ४० प्रतिशतभन्दा घटी अङ्क दिएको अवस्थामा पनि आयोगका अध्यक्ष, सदस्यहरू तथा विषय विशेषज्ञहरू समेत गरी अन्तर्वार्ता समितिका ५० प्रतिशतभन्दा बढी सदस्यले त्यसरी कारण खुलाई अङ्क प्रदान गरेको अवस्थामा मात्र मान्य हुनेछ ।

(६) कुनै उम्मेदवारको अन्तरवार्ताको प्राप्ताङ्क अन्तर्वार्ताको पूर्णाङ्कको ४० प्रतिशत भन्दा कम भएमा उक्त उम्मेदवारको सिफारिस गरिने छैन ।

(७) आयोगका अध्यक्ष र सदस्यले दिएको अङ्कको औसत र विशेषज्ञहरूले दिएको अङ्कको औसत जोडी प्राप्त हुन आएको अङ्कको जोड उम्मेदवारको प्राप्ताङ्क हुनेछ ।

(८) अन्तर्वार्ताका लागि बस्ने विज्ञहरू कृति मूल्याङ्कनमा बस्ने विज्ञहरू सम्भव भएसम्म फरक हुनुपर्नेछ । विज्ञ नपाई कृति मूल्याङ्कनमा बसेका व्यक्तिलाई नै अन्तर्वार्तामा ल्याउनु परेमा आयोगले निर्णय गरी कार्य गर्न सक्नेछ ।

**२८.**[४६] अग्रिम वा छुट अन्तर्वार्ता लिन सकिने : (१) सेवा आयोगबाट लिइने कुनै पनि प्रतियोगितात्मक परीक्षामा अन्तर्वार्ताको लागि तोकिएको निर्धारित मितिभन्दा अगाडि अग्रिम अन्तर्वार्ता लिन सकिने छैन । तर सो पद वा विषयका सबै उम्मेदवारले मनासिब कारण जनाई अन्तर्वार्ताको लागि तोकिएको मितिभन्दा अगाडि नै अन्तर्वार्ता लिइदिन सोको कारण उल्लेख गरी निवेदन दिएमा र निवेदनको व्यहोरा मनासिब देखिएमा आयोगले त्यस्तो पद वा विषयका सबै उम्मेदवारको अन्तर्वार्ता मिति परिवर्तन गरी पूर्व निर्धारित मितिभन्दा अगाडि अन्तर्वार्ता लिने व्यवस्था गर्न सक्नेछ ।

(२) कुनै उमेदरवारले देहायको अवस्था परी निजको अन्तर्वार्ता सुरु हुनुभन्दा अघि अन्तर्वार्ताको लागि

---

[४६] त्रि.वि. कार्यकारी परिषदको मिति २०७७/१०/४ को बैठकबाट संशोधन

आयोगबाट निर्धारण भएको मिति र समयमा उपस्थित हुन नसकेमा सोको प्रमाण सहित अन्तर्वार्ताका लागि तोकिएको मितिले किरिया बस्नु परेको हकमा १५ दिन र अन्य अवस्थाको हकमा ७ दिनभित्र निवेदन दिएमा आयोगले निवेदनको व्यहोरा मनासिब देखेमा अन्तर्वाताको निर्धारित मिति पछिको २० दिनभित्र छुट अन्तर्वाता लिने व्यवस्था गर्न सक्नेछ । खुला प्रतियोगिता अन्तर्गतका प्राध्यापक र सह प्राध्यापकको अन्तर्वार्तामा देश बाहिर भएका ुकनै उमेद्वार काबु बाहिरको परिस्थिति परी अन्तर्वार्तामा उपस्ति हुन नसक्ने अवस्था भएमा अनलाइन मार्फत् पनि अन्तर्वार्ता लिन सकिने छ ।

(क) क्रिया बस्नु परेमा,

(ख) विश्वविद्यालयको कामको कारणबाट उपस्थित हुन नसकेमा,

(ग) काबु बाहिरको परिस्थिति परेमा,

(घ) सुत्केरी भएमा,

(ङ) अन्तर्वातामा उपस्थित हुन नसक्नेगरी आकस्मिक बिरामी भई अस्पताल भर्ना भएमा ।

**२९.अन्तर्वार्ता सम्बन्धी अन्य व्यवस्था :** (१) अन्तर्वाता हुने दिन आयोगले खटाएको कर्मचारीले उम्मेदवारबाट पेश भएको प्रमाणित कागजातको सक्कल प्रतिसँग भिडाउने र प्रवेशपत्र जाँच गरी हाजिर समेत गराउनु पर्नेछ ।

(२) विश्वविद्यालय सेवामा प्रवेश पाउने उद्देश्यले शैक्षिक योग्यता, कृति, उमेर, नागरिकता, अनुभव आदि ढाँटेको देखिएमा त्यस्तो उम्मेदवारलाई अन्तर्वार्तामा समावेश गराइने छैन र निजको आवेदन फाराम रद्द गरिनेछ ।

## परिच्छेद १३

## सिफारिस सम्बन्धी व्यवस्था

**३०. अन्तिम नतिजा प्रकाशन गर्ने :** (१) उम्मेदवारको छनोट सम्बन्धी सम्पूर्ण प्रकृया सम्पन्न भएपछि आयोगले सबैभन्दा बढी अङ्क प्राप्त गर्ने उम्मेदवारको रोल नं, नाम, थर ठेगाना आदि समेत उल्लेख गरी योग्यताक्रम अनुसार अन्तिम नतिजा प्रकाशन गर्नुपर्नेछ ।सफल भएका उम्मेदवारहरूमध्ये सबै उम्मेदवारले प्राप्त गरेको कूल अङ्क प्रकाशित गर्नुपर्नेछ ।

(२) उपविनियम (१) बमोजिम खुला प्रतियोगिताको नतिजा प्रकाशन गर्दा उम्मेदवारहरूको कूल प्राप्ताङ्क बराबर भएमा देहायका आधारमा योग्यताक्रम कायम गरिनेछ ।

(क) लिखित परीक्षा हुनेमा लिखित परीक्षाको प्राप्तांकको आधारमा ।

(ख) लिखित परीक्षामा बराबर भएमा वा लिखित परीक्षा नहुने भएमा अनुसन्धान तथा कृति प्रकाशनको बढी अङ्कको आधारमा, सो पनि बराबर भएमा अन्तर्वातामा विशेषज्ञ समूहबाट प्रदान गरेको बढी अङ्कको आधारमा, सोबाट नछुट्टिएमा शैक्षिक योग्यताको अङ्कको आधारमा र सोबाट पनि नछुट्टिएमा उमेरको जेष्ठताको आधारमा गरिनेछ ।

(३) आन्तरिक प्रतियोगितामा उम्मेदवारहरूको कूल प्राप्ताङ्क बराबर हुन गएमा आवेदित पदभन्दा एक तह मुनिको पदमा स्थायी भएको वा पदोन्नति भएको जेष्ठताको आधारमा र सो पनि बराबर भएमा अनुसन्धान तथा कृति प्रकाशनको बढी अङ्कको आधारमा गरिनेछ । सो पनि बराबर भएमा शैक्षिक योग्यताको महलमा बढी अङ्क आएको आधारमा गरिनेछ । शैक्षिक योग्यतामा पनि बराबर

भएमा अन्तर्वार्तामा विशेषज्ञ समूहबाट प्रदान गरेको बढी अङ्कको आधारमा र सोबाट पनि वरिष्ठता नछुटिएमा उमेरको जेष्ठताको आधारमा गरिनेछ ।

(४) अन्तिम नतिजा प्रकाशित गर्दा सबैभन्दा पहिले खुलातर्फ सिफारिस हुने उम्मेदवारको नामावली प्राथमिकतामा राखी नतिजा प्रकाशित गरिने र त्यसपछि समावेशी तर्फ सिफारिस हुने उम्मेदवारको नामावली प्रकाशित गरिने छ । समावेशी अन्तर्गत सर्वप्रथम पिछडिएको क्षेत्रतर्फ सिफारिस हुने उम्मेदवारहरूको नामावली प्रकाशित गरी त्यस पछि क्रमशः अपाङ्ग, दलित, मधेसी, आदिवासी/जनजाति र महिला वर्ग समूहतर्फको नतिजा प्रकाशित गरिने छ ।खुला समूहबाट वा कुनै एक वर्ग/क्षेत्रमा नाम सिफारिस भए पछि अरू वर्ग/समूहबाट निजको नाम स्वतः हटाइने छ।

(५) समावेशीतर्फ छुट्याइएको पदमा लिखित वा अन्तर्वार्ताबाट उपयुक्त उम्मेदवार सिफारिस हुन सक्ने अवस्था नरहेमा त्यस्तो पद खुला प्रतियोगिताद्वारा पूर्ति हुने पदमा समावेश गरी पदपूर्ति गरिनेछ ।

(६) [४७] उपविनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्राध्यापक र सहप्राध्यापक पदको आन्तरिक प्रतियोगितामा आवेदन दिने उम्मेदवारहरूको लागि निर्धारित पूर्णाङ्कमा प्राध्यापक पदमा ७० प्रतिशत भन्दा कम र सहप्राध्यापक पदमा ६० प्रतिशत भन्दा कम अङ्क प्राप्त गरेका उम्मेदवारहरूलाई नियुक्तिका लागि सिफारिस गरिने छैन । तर त्रि.वि. चिकित्साशास्त्र अध्ययन संस्थान अन्तर्गत मेडिकल/नर्सिङतर्फका पदहरुको आन्तरिक पदोन्नतिका सम्बन्धमा भने माथिको व्यवस्था (७० प्रतिशत र ६० प्रतिशत अङ्क प्राप्त गरेको हुनुपर्ने व्यवस्था) को सट्टा प्राध्यापक पदमा ६० प्रतिशत र सहप्राध्यापक पदमा न्यूनतम ५० प्रतिशत अङ्क प्राप्त गरेको हुनुपर्ने व्यवस्था कायम गरिएको छ । खुला प्रतियोगितामा आवेदन दिने उम्मेदवारहरूको लागि निर्धारित पूर्णाङ्कमा प्राध्यापक पदमा ७५ प्रतिशत भन्दा कम र सहप्राध्यापक पदमा ६५ प्रतिशतभन्दा कम अङ्क प्राप्त गरेका उम्मेदवारहरूलाई नियुक्तिका लागिसिफारिस गरिने छैन ।

(७) आन्तरिक प्रतियोगिताद्वारा नियुक्तिको लागि आयोगबाट गरिएको सिफारिस उपर चित्त नबुझेमा विश्वविद्यालय शिक्षक, कर्मचारी सेवा सम्बन्धी नियम २०५० को नियम७ को उपविनियम (४) वमोजिम आयोगद्वारा सिफारिस गरिएको मितिले २० दिनभित्र त्रिभुवन विश्वविद्यालय पुनरावेदन आयोग समक्ष उजुरी गर्न सकिनेछ । उजुरीको प्रयोजनको निमित्त सो नामावली प्रकाशित भएको मितिबाट बीस दिनसम्म आन्तरिक प्रतियोगिताद्धारा सिफारिस पाउने उम्मेदवारलाई नियुक्ति नदिई प्रतिक्षा सूचीमा राखिनेछ । उपर्युक्त सिफारिस उपर उजुरी नपरेमा सो नामावली प्रकाशित भएको मितिले एक्काइसौँ दिन (उजुर गर्ने म्याद सकिएको भोलिपल्ट) को मितिबाट ज्येष्ठता कायम हुने गरी नियुक्ति दिनुपर्नेछ ।

(८) आयोगबाट आन्तरिक प्रतियोगिताद्वारा नियुक्तिको लागि सिफारिस हुने उम्मेद्वार उपविनियम ( ७) बमोजिमको उजुरी गर्न सकिने म्यादसम्म विश्वविद्यालयको नियमानुसार अनिवार्य अवकाश हुने रहेछ भने आयोगले त्यस्तो उम्मेदवारको नाम सिफारिस सूचीबाट हटाउने छ ।

(९) आन्तरिक प्रतियोगिताको आधारमा योग्यताक्रमको सूचीमा परेको कुनै उम्मेदवार अवकाश भएमा, राजिनामा दिएमा, सेवाबाट हटाइएमा उम्मेदवारको नाम हटाई योग्यताक्रम सूची प्रकाशित गर्नुपर्नेछ । आन्तरिक प्रतियोगिताको आधारमा हुने प्रतियोगिताको सूची प्रकाशित गर्दा ग्रेड रोक्का वा बढुवा रोक्का भएको अवधिसम्मको लागि त्यस्तो उम्मेदवारको नाम हटाई योग्यताक्रम सूची

---

[४७] त्रि.वि. कार्यकारी परिषदको मिति २०७५/८/२७ को बैठकबाट संशोधन

प्रकाशित गर्नुपर्नेछ ।

(१०) आन्तरिक प्रतियोगिताबाट हुने पदोन्नतिका सिलसिलामा कुनै पनि शिक्षकले तह नाघी माथिल्लो पदका लागि उम्मेदवारी दिन पाउने छैन ।

**३१ परीक्षाको मर्यादा कायम गर्ने :** प्रतियोगितामा सम्मिलित कुनै उम्मेदवारले झुट्ठा विवरण दिएमा वा लिखित परीक्षामा कुनै किसिमको अनियमितता वा अन्तरवार्तामा प्रभावित पार्ने गरी कुनै अनियमित कार्य वा मर्यादा भङ्ग गरेमा आयोगले त्यस्तो उम्मेदवारलाई निजको कसुर हेरी आयोगबाट लिइने कुनै पनि प्रतियोगितामा कुनै खास अवधिको लागि भाग लिन नपाउने गरी अयोग्य घोषित गर्नसक्नेछ ।

**३२ सिफारिस रद्द हुने अवस्था :** (१) प्रतियोगितामा सम्मिलित कुनै उम्मेदवारले नतिजालाई प्रभावित पार्ने गरी झुट्ठा विवरण दिई सिफारिस भएको पाइएमा निजको सिफारिस स्वतः रद्द हुनेछ ।

(२) कुनै उम्मेदवारले आयोगमा अङ्क प्राप्त गर्ने प्रयोजनका लागि पेश गरेको पुस्तक वा लेखभित्रको कुनै अंश अरु कसैको पूर्व प्रकाशित कुनै पुस्तक वा लेख वा अन्य कुनै पाठ्य सामाग्रीसँग हुबहू मिल्न गएमा र त्यस्तो पुस्तक वा लेखको सन्दर्भ खुलाएको रहेनछ भने त्यस्तो उम्मेदवारको सिफारिस उपविनियम (१) बमोजिम रद्द हुनेछ ।

(३) उपविनियम (२) बमोजिमको अवस्थामा यदि कुनै उम्मेदवारको सिफारिस भई नियुक्ति बुझिसकेको अवस्था रहेको रहेछ भने पनि त्यस्तो नियुक्ति रद्द हुनेछ ।

(४) उम्मेदवारको मूल्याङ्कन तालिकामा कुनै भुलचूक भई पहिले सिफारिस वा नियुक्ति समेत भैसकेको कुनै उम्मेदवार सिफारिस वा नियुक्त हुन नसक्ने अवस्था प्रमाणित हुन आएमा आयोगले त्यस्ता उम्मेदवारको सिफारिस बदर गर्न सक्नेछ ।

(५) आन्तरिक प्रतियोगितामा सम्मिलित हुन आवेदन दिएका कुनै उम्मेदवारले अन्तिम नतिजा प्रकाशन हुनुपूर्व नै विश्वविद्यालय सेवाबाट राजिनामा दिएमा वा कुनै पनि कारणले विश्वविद्यालय सेवाबाट अवकाश पाएमा त्यस्ता उम्मेदवारको आवेदन फाराम तथा सिफारिस भई सकेको भए सो सिफारिस समेत स्वतः रद्द हुनेछ ।

(६) आयोगले लिएको परीक्षामा प्रश्नपत्र परिमार्जन, प्रश्नपत्र छपाई, उत्तर पुस्तिका परीक्षण वा अन्तर्वार्ता सम्बन्धी काममा संलग्न भएको विशेषज्ञ शिक्षकको नजिकको नातेदार त्यस्तो परीक्षामा उम्मेदवार भई सो परीक्षामा सफल भएको प्रमाणित भएमा निजको परीक्षा वा अन्तर्वार्ता वा नियुक्तिको सिफारिस रद्द हुनेछ । नियुक्ति पाइसकेको भए सो नियुक्ति पत्र समेत कार्यकारी परिषदले रद्द गर्नेछ ।

**३३ वैकल्पिक उम्मेदवारको व्यवस्थाः** (१) कुनै पदको लागि खुला प्रतियोगितात्मक परीक्षानुसार सिफारिसमा पर्ने उम्मेदवारको योग्ताक्रम सूची प्रकाशित गर्दा त्यस्तो पदका विज्ञापनमा उल्लेखित पद सङ्ख्याको प्राप्त भएमा २५ प्रतिशत उम्मेदवारको नाम वैकल्पिक सूचिमा राख्नु पर्नेछ । तर उल्लेखित पद आठजना भन्दा कम भएमा दुईजना उम्मेदवारको नाम वैकल्पिक सूचीमा राख्नु पर्नेछ ।

(२) वैकल्पिक सूचीबाट देहायको अवस्थामा नियुक्तिका लागि योग्यताक्रमानुसार सिफारिस गरिनेछ :

(क) सिफारिस गरिएको उम्मेदवारको नियुक्तिको सूचना पाएको वा सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र नियुक्तिपत्र नलिएमा वा

तर नियुक्तिको लागि सिफारिस भएको उम्मेदवारले केन्द्रीय कार्यालयमा आफै उपस्थित भई नियुक्ति नलिने बेहोराको निवेदन पेश गरी सनाखत गरेमा यस खण्ड बमोजिमको अवधि ननाघे पनि वैकल्पिक उम्मेदवारलाई नियुक्तिको लागि सिफारिस गर्न सकिनेछ ।

(ख) नियुक्ति बुझेर पनि ३५ दिन भित्र सम्बन्धित निकायमा हाजिर हुन नगएमा

(ग) नियुक्तिको लागि सिफारिस गरिएको उम्मेदवारको सिफारिस भएको मितिले एक वर्षभित्र मृत्यु भई वा निजले नियुक्ति लिएको पदबाट राजिनामा दिई वा निजको अन्य पदमा नियुक्ति भई निजले नियुक्ति लिएको पद रिक्त हुन आएमा ।

(३) वैकल्पिक उम्मेदवारलाई नियुक्तिको लागि सिफारिस गर्नुपर्दा जुन समूह वा बर्गमा रिक्त हुन आएको पद हो सो वर्ग वा समूहको पदमा वैकल्पिकको लागि सूची प्रकाशित गरेको भएमात्र सो समूह वा वर्गको वैकल्पिक उम्मेदवारलाई मात्र नियुक्तिको लागि सिफारिस गरिनेछ ।

## परिच्छेद १४

## नियुक्तिको व्यवस्था

**३४ नियुक्तिको व्यवस्था :** विश्वविद्यालय सेवामा शिक्षकहरूलाई आयोगको सिफारिसमा कार्यकारी परिषद्द्वारा नियुक्ति गरिनेछ । आयोगबाट सिफारिस भएका शिक्षकको सुरु पदस्थापना गर्दा उम्मेदवारले प्राप्त गरेको प्राप्ताङ्कका आधारमा त्यस्ता शिक्षकलाई रिक्त पदहरूको जानकारी गराई निजहरूको रुचि तथा चाहनाको प्राथमिकता क्रम कायम गर्न लगाई सिफारिस योग्यताक्रम अनुसार रोजेको स्थानमा पदस्थापन गर्न सकिनेछ । तर सिफारिस गरिएका शिक्षक तोकिएको मितिमा सम्पर्कमा नआएमा वा कुनै शिक्षकको सेवा तोकिएको कुनै निकायमा आवश्यक छैन भन्ने विश्वविद्यालयलाई लागेमा त्यस्तो शिक्षकलाई उसको रुची अनुसार पदस्थापना नगरी अन्य आवश्यक भएको क्याम्पस वा निकायमा पनि पदस्थापना गर्न सकिनेछ ।

**३५. नियुक्ति गर्ने प्रक्रिया :** आयोगबाट खुला प्रतियोगिताद्वारा सिफारिस भएका उम्मेदवारलाई सिफारिस पत्र दाखिला भएको मितिले बीस दिनभित्र नियुक्त गर्नुपर्नेछ । सम्बन्धित उम्मेदवार १५ दिनसम्म नियुक्ति पत्र बुझ्न नआएमा सार्वजनिक पत्रपत्रिकामा पन्ध्र दिनको म्याद दिई सम्बन्धित उम्मेदवारलाई नियुक्ति पत्र बुझ्न आउन सूचना प्रकाशित गरिनेछ । सो म्यादभित्र पनि नियुक्ति पत्र बुझ्न नआएमा उपर्युक्त सिफारिसमा परेको वैकल्पिक उम्मेदवारलाई योग्यताक्रमानुसार नियुक्त गर्न सकिनेछ । यसरी गरिएको नियुक्तिको सूचना आयोगमा पठाउनु पर्नेछ ।

**३६. ज्येष्ठता कायम हुने :** (१) आयोगबाट आन्तरिक प्रतियोगिताद्धारा नियुक्तिको लागि नामावली सिफारिस भएपछि उजुरीको प्रयोजनको निमित्त सो नामावली प्रकाशित भएको मितिबाट बीस दिनसम्म सिफारिस पाउने उम्मेदवारलाई नियुक्ति नदिई प्रतिक्षा सूचीमा राखिनेछ । सिफारिस उपर उजुरी नपरेमा सो नामावली प्रकाशित भएको मितिले एक्काइसौं दिन (उजुर गर्ने म्याद सकिएको भोलिपल्ट) को मितिबाट नियुक्त हुने श्रेणीको ज्येष्ठता कायम हुने गरी नियुक्ति दिनुपर्नेछ ।

(२)[४८] आन्तरिक प्रतियोगिताद्वारा गरिएको सिफारिस उपर उजुरीपरेमा देहाय अनुसार ज्येष्ठता मिति कायम गरी नियुक्ति दिनुपर्नेछ :

(क) सेवा आयोगद्वारा सिफारिस गरिएको सूची पुनरावेदन आयोगबाट संशोधन गर्ने निर्णय भएमा

---

[४८] त्रि.वि. कार्यकारी परिषदको मिति २०७७/१०/४ को बैठकबाट संशोधन

सो बमोजिम संशोधित नामावली प्रकाशन भएको मितिदेखि ।

(ख) उजुरी खारेज भएमा वा पहिलेको आन्तरिक प्रतियोगिताद्वारा सिफारिस नै कायम भएमा पहिलो पटक आन्तरिक प्रतियोगिताको सिफारिस प्रकाशित भएको मितिले एक्काइसौं दिनदेखि र

(ग) अदालतमा मुद्दा परी आन्तरिक प्रतियोगिता बदर भई पुनः नयाँ प्रकृयामा जाने निर्णय भएमा पछिल्लो पटक आयोगबाट सिफारिस भएको मितिले एक्काइसौं दिन (उजुर गर्ने म्याद सकिएको भोलिपल्ट) को मितिबाट ज्येष्ठता कायम हुनेगरी नियुक्ति दिनुपर्नेछ ।

(३) उपविनियम (१) बमोजिम आन्तरिक प्रतियोगिताद्वारा नियुक्तिको लागि नामावली प्रकाशन भएको मितिले एक्काइस दिनभित्र उमेर हदको कारणले नियुक्ति पाउन नसक्नेभएमा आयोगले त्यस्ता शिक्षकको नामावली सिफारिसमा समावेश गर्ने छैन ।

## परिच्छेद १५

## विविध

**३७. खारेजी र बचाउ :** (१) त्रिभुवन विश्वविद्यालय सेवा आयोग उपप्राध्यापक पदको नियुक्तिका आधार एवं सिफारिस सम्बन्धी प्रक्रिया, २०६६ खारेज गरिएको छ ।

(२) त्रिभुवन विश्वविद्यालय शिक्षक नियुक्तिका आधार, कार्य सम्पादन मूल्याङ्कन तथा कार्य क्षमता अङ्क विभाजन एवं सिफारिस सम्बन्धी प्रक्रिया, २०६४ खारेज गरिएको छ ।

(३) यो विनियम लागू हुनुभन्दा पहिले भएका विज्ञापनहरूको सम्बन्धमा कार्य सम्पन्न नभएसम्म उपनियम (१) र (२) मा उल्लिखित प्रक्रियाहरू लागू हुनेछन् ।

**३८. व्याख्या र बाधा अड्काउ फुकाउने व्यवस्था :** यस विनियमको व्याख्या र बाधा अड्काउ फुकाउने अधिकार सेवा आयोगलाई हुनेछ ।

त्रिभुवन विश्वविद्यालय

## अनुसूची १
## (विनियम ४ को उपविनियम (५) सँग सम्बन्धित)
## समावेशीतर्फ छुट्याइएका पदमा आवेदन गर्ने आधार

समावेशी वर्गका लागि छुट्याएको पदमा आवेदन दिने उम्मेदवारहरूले देहायका आधारमा आवेदन दिनु पर्नेछ:

१. आदिवासी/जनजातिका हकमा:-

आदिवासी/जनजातिका हकमा नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचिकृत भएको जातिको हकमा सोही सूचीको आधारमा,

तर नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचिकृत भएको जातिभित्र एक भन्दा बढी थरहरू भएमा सम्बन्धित स्थानीय निकायको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचीकृत भएको जातिभित्रको थर भनी प्रमाणित गराई आवेदन फाराम साथ पेश गर्नु पर्नेछ ।

२. मधेशीका हकमा:-

मधेशीका हकमा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोके बमोजिमको संस्थाबाट मधेशी भनी प्रमाणित गरेको आधारमा,

तर नेपाल राजपत्रमा सूचना प्रकाशन गरी संस्था नतोकेसम्म सम्बन्धित स्थानीय निकायको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट मधेसी भनी प्रमाणित गराई आवेदन फारामसाथ पेश गर्नुपर्नेछ ।

३. दलितका हकमा:-

दलितका हकमा राष्ट्रिय दलित आयोगबाट सूचिकृत भएको जातिको हकमा सोही सूचीको आधारमा,

तर, राष्ट्रिय दलित आयोगबाट सूचिकृत भएको जाति भित्र एक भन्दा बढी थरहरू भएमा सम्बन्धित स्थानीय निकायको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचीकृत भएको जाति भित्रको थर भनी प्रमाणित गराई आवेदन फाराम साथ पेश गर्नेछ ।

४. अपाङ्गका हकमा:-

अपाङ्गका हकमा स्वीकृत चिकित्सकको सिफारिसमा समाज कल्याण संस्थाबाट अपाङ्गता प्रमाणित गरेको आधारमा,

५. पिछडिएको क्षेत्रको हकमा :

पिछडिएको क्षेत्र भन्नाले अछाम, कालिकोट, जाजरकोट, जुम्ला, डोल्पा, बझाङ, बाजुरा, मुगु र हुम्ला जिल्ला सम्झनु पर्दछ । पिछडिएको क्षेत्र समूहबाट आवेदन दिनेहरूले यहाँ उल्लेख भएका जिल्लामा स्थायी बसोबास उल्लेख गरी सम्बन्धित जिल्लाबाट प्राप्त गरिएको नागरिकताको प्रमाणपत्र तथा सम्बन्धित गाउँ विकास समिति वा नगरपालिकाबाट हाल सोही स्थानमा स्थायी बसोबास भएको भनी प्रमाणित गरेको पत्र आवेदन फारामसाथ पेश गर्नु पर्नेछ ।

अनुसूची २ [४९]

(विनियम १३ को उपविनियम (१) सँग सम्बन्धित)

प्राध्यापक र सहप्राध्यापक पदको आन्तरिक प्रतियोगिताको लागि
अनुसन्धान तथा कृति मूल्याङ्कन फाराम

उम्मेदवारको नाम :

आवेदित पदः विज्ञापन नं :

हालको पद : हालको पदमा नियुक्ति मिति :

शुरु स्थायी नियुक्ति मिति : शुरु नियक्ति भएको पद :

१) सम्बन्धित विषयको पाठ्यपुस्तक/सन्दर्भ ग्रन्थ

| **पुस्तकको शीर्षक** | **पाठ्यक्रममा उल्लेखित विषय वस्तुको ढकाई (coverage)** | **विषय वस्तुको गहिराइ** | **भाषा** | **तह अनुरूप विषयवस्तुको प्रस्तुतीकरण** | **आवश्यक चार्ट, चित्र, तालिका** | **जम्मा प्राप्ताङ्क** |
|---|---|---|---|---|---|---|
| . | | | | | | |
| | | | | | | |
| . | | | | | | |
| | | | | | | |
| | | | | | | |
